नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

प्राविधिक शिक्षा तथा
व्यावसायिक तालीम परिषद्

# नेपालको राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धी मार्गदर्शन



# नेपालको राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप

# (National Vocational Qualifications Framework-NVQF)

# सम्बन्धी मार्गदर्शन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
राष्ट्रिय सीप परीक्षण समिति
सानोठिमी, भक्तपुर

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति वि.सं. २०८२/०२/२० को पत्रानुसार नेपालको राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) सम्बन्धी मार्गदर्शन कार्यान्वयनका लागि स्वीकृत।


# विषय - सूची


| | |
|---|---|
| संक्षिप्त शब्दावली | १ |
| पारिभाषिक शब्दावली | ३ |
| यस पुस्तिकाका बारेमा | ६ |
| कार्यकारी सारांश | ९ |
| खण्ड एक: योग्यता प्रणाली सम्बन्धी आधारभूत जानकारी | १२ |
| पृष्ठभूमि | १२ |
| राष्ट्रिय योग्यता प्रारूप (NQF) का अन्तर्राष्ट्रिय अनुभवहरू | १३ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप सम्बन्धी क्षेत्रीय अभ्यास | १४ |
| अन्तर्राष्ट्रिय मापदण्डमा आधारित शिक्षाको वर्गीकरण (International Standard Classification of Education-ISCED) | १५ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप विकास प्रक्रिया | १६ |
| खण्ड दुई: नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) | १९ |
| परिचय | १९ |
| नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको औचित्य | २० |
| NQF र NVQF को संरचना | २१ |
| विद्यमान कानुनी तथा नीतिगत व्यवस्था | २५ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको उद्देश्य | २६ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको तहगत व्याख्या (Level Descriptors) | २६ |

| | |
|---|---|
| राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) को महत्त्व | ३१ |
| NVQF कार्यान्वयन सम्बन्धी संस्थागत संयन्त्र | ३१ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयन गर्ने निकाय | ३२ |
| विधागत सिप समिति (Sector Skill Committee) | ३३ |
| प्रमाणीकृत सिप परीक्षण केन्द्रहरू (Accredited Skills Assessment Centers) | ३४ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसम्बन्धी निर्देशिका र कार्यविधिहरू | ३५ |
| राष्ट्रिय दक्षता प्रमाणिका (National Competency Standards) | ३५ |
| दक्षतामा आधारित पाठ्यक्रम (Competency Based Curriculum) | ३६ |
| दक्षता मूल्याङ्कन साधन (Competency Assessment Tools) | ३६ |
| प्रक्रियागत मार्गदर्शनहरू (Process Guides) | ३७ |
| दक्षता परीक्षण तथा मूल्याङ्कन प्रणाली (Competency Assessment and Evaluation System) | ३७ |
| पारगम्यता (Permeability) | ३९ |
| क्रेडिट सञ्चयन तथा सारण प्रणाली (Credit Accumulation and Transfer) | ४० |
| दक्षता मूल्याङ्कनकर्ता (Competency Assessors) | ४२ |
| पूर्व सिकाइको मान्यता विधि (Recognition of Prior Learning-RPL) | ४३ |
| राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनमा ध्यान दिनुपर्ने पक्षहरू | ४४ |
| पाठ्यक्रम विकास प्रक्रिया | ४४ |
| आजीवन सिकाइ र रोजगारी अभिवृद्धि (Life Long Learning and increased employability) | ४५ |

| | |
|---|---|
| इकाइकरण र मोड्यूलारिटी (Unitization and Modularity) | ४६ |
| योग्यता प्रारूपको प्रबोधीकरण (Dissemination of NVQF) | ४७ |
| पारदर्शिता | ४७ |
| पहुँचमा सुधार | ४८ |
| गुणस्तर सुनिश्चितता | ४८ |
| सेतु पाठ्यांश (Bridge course) | ४८ |
| खण्ड तीन: राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) कार्यान्वयनका आधारशिलाहरू | ५० |
| परिचय | ५० |
| NVQF को सफल कार्यान्वयन चार आधारशिलाहरू | ५० |
| आधारशिला १: सुशासन र व्यवस्थापन (Governance and Management) | ५१ |
| आधारशिला २: दक्षता प्रमाणिका तथा योग्यता परीक्षण साधन | ५३ |
| आधारशिला ३: परीक्षण तथा प्रमाणीकरण | ५४ |
| आधारशिला ४: गुणस्तर सुनिश्चितता र अनुगमन | ५४ |
| References | ५६ |

# राष्ट्रिय योग्यता प्रारूप (NQF) को मूल ढाँचा
## नेपाल




(+) = प्राविधिक योग्यताको प्रमाणपत्र वा डिग्री हासिल गर्न नपुग अतिरिक्त ज्ञान एवम् सिकाइ
(क्युए QA) = राष्ट्रिय योग्यता प्राधिकरणले तोकिएको मापदण्ड अनुसार योग्यता परीक्षण
(एनभिक्यु NVQ) = राष्ट्रिय व्यावसायिक योग्यता
(एनक्यु NQ) = राष्ट्रिय योग्यता
ISCED: International Standard Classification of Education

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| AT | अप्रेन्टिसिप तालिम/ औद्योगिक प्रशिक्षण (Apprenticeship Training) |
| CB | दक्षतामा आधारित (Competency-Based) |
| CBT | दक्षतामा आधारित तालिम (Competency-Based Training) |
| CBET | दक्षतामा आधारित शिक्षा तथा तालिम (Competency-Based Education and Training) |
| CQ | योग्यताको प्रमाणीकरण (Certification of Qualification) |
| CS | दक्षता प्रमाणिका (Competency Standard) |
| CTEVT | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training) |
| CU | दक्षता इकाइ (Competency Unit) |
| DACUM | डेकम (पाठ्यक्रम निर्माण विधि) (Developing A Curriculum) |
| EQF | युरोपेली (युरोपियन) योग्यता प्रारूप (European Qualification Framework) |
| ISCED | शिक्षाको अन्तर्राष्ट्रिय स्तर (मानक) वर्गीकरण (International Standard Classification of Education) |
| LD | तहगत व्याख्या (Level Descriptor) |
| M&E | अनुगमन तथा मूल्याङ्कन (Monitoring and Evaluation) |
| NCS | राष्ट्रिय दक्षता प्रमाणिका (National Competency Standards) |
| NQF | राष्ट्रिय योग्यता प्रारूप (National Qualifications Framework) |
| NQFS | राष्ट्रिय योग्यता प्रारूप प्रणाली (National Qualifications Framework System) |
| NSS | राष्ट्रिय सिप रणनीति (National Skill Strategy) |

| | | |
|---|---|
| NVQF | राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (National Vocational Qualifications Framework) |
| QAA | गुणस्तर सुनिश्चितता निकायरप्राधिकरण (Quality Assurance Agency/Authority) |
| QCC | योग्यता पाठ्यक्रम समिति (Qualification Curriculum Committee) |
| QR | योग्यता दर्ता-पुस्तिका (पञ्जीकरण) (Qualification Register) |
| RCC | मौजुदा दक्षताहरूको मान्यता (Recognition of Current Competencies) |
| RPL | पूर्व-सिकाइको मान्यता (Recognition of Prior Learning) |
| SAARC | दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (South Asian Association for Regional Cooperation) |
| SSC | विधागत सिप समिति (Sector Skills Committee) |
| TLM | शिक्षण सिकाइ साधन (Teaching and Learning Material) |
| TP | तालिम प्रदायक (Training Provider) |

## पारिभाषिक शब्दावली

**अरीतिक सिकाइ (Informal learning):** पारिश्रमिक प्राप्त हुने वा नहुने काम, पारिवारिक वा सामुदायिक जीवन वा फुर्सदको समयमा भएका गतिविधिहरूबाट हुने सिकाइ हो ।

**अनौपचारिक सिकाइ (Non-formal Learning):** लचकदार समय र स्थानमा व्यवस्थित शिक्षा तथा तालिमको वातावरणमा हुने वा गरिने सिकाइ हो । व्यक्तिले हासिल गरेका सिकाइलाई मूल्याङ्कन गरी प्रमाणपत्र प्रदान गरिन्छ ।

**औपचारिक सिकाइ (Formal Learning):** निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न तोकिएको पाठ्यक्रम, अवधि र स्थानमा हुने सिकाइ हो । यस्तो सिकाइले मान्यता प्राप्त प्रमाणपत्र प्राप्त हुन्छ ।

**इकाइगत-योग्यताको प्रमाणपत्र (Unit Certificate):** व्यावसायिक योग्यताको एक वा एकभन्दा बढी इकाइहरूमा मात्र परीक्षार्थी सफल भएमा प्राप्त गर्ने प्रमाणपत्र इकाइगत-योग्यताको हो ।

**योग्यताको प्रमाणपत्र (Qualification Certificate):** परीक्षार्थीले राष्ट्रिय दक्षता प्रमाणिकामा उल्लेख भएका सबै इकाइहरूमा सफलता हासिल गरेको अवस्थामा प्राप्त हुने प्रमाणपत्र हो ।

**क्रेडिट (Credit):** योग्यता वा आंशिक योग्यताका लागि आवश्यक पर्ने निर्धारित अनुमानित सिकाइ (अध्ययन) घण्टाको आधारमा सिकाइको उपलब्धि तय गर्ने मापन हो ।

**क्रेडिट सङ्ग्रह/सञ्चयन (Credit Accumulation/ Banking):** तोकिएको योग्यता वा योग्यताका आंशिक खण्डमा आधारित योग्यता प्राप्त गर्नका लागि तय गरिएको अध्ययन घण्टा वा पाठ्य घण्टा वा सिकाइ समयको सञ्चयलाई बुझाउँछ ।

**क्रेडिट सञ्चयन तथा सारण (Credit Accumulation and Transfer) प्रणाली:** क्रेडिट सञ्चयन तथा सारण भनेको व्यक्तिले हासिल गरेको सिकाइको मूल्याङ्कन गरी प्राप्त सफलताका आधारमा हासिल गरेको क्रेडिट सञ्चय गर्ने र योग्यता प्राप्तिका लागि उपयोग गर्ने पद्धति हो । यसबाट सिकारुले समय, आवश्यकता र अवस्थाअनुसार शैक्षिक योग्यता हासिल गर्ने अवसर प्राप्त गर्छ । यसबाट एउटै वा फरक राष्ट्रिय योग्यता प्रारूपबमोजिम दर्ता भएको योग्यता वा अंश-योग्यताहरूको लम्बीय (एउटै पथमा माथि बढ्ने), समतलीय (दुई पथका बिचमा एउटै तहमा तेर्सो सर्ने) वा छड्के (दुई पथका बिचमा माथि बढ्ने) अवसर प्राप्त हुन्छ ।

**आजीवन सिकाइ (Lifelong Learning):** जीवनका सबै अवस्थाहरूमा औपचारिक, अनौपचारिक तथा अरीतिक तवरबाट हुने सिकाइ हो । यसमा सिकारुको व्यक्तिगत विकास, सामाजिक र आर्थिक कल्याण, नागरिक कर्तव्य निर्वाह, सांस्कृतिक कृयाकलापमा सहभागितालगायत रोजगारीका क्षेत्रबाट हुने वा गरिने सबै सिकाइ समावेश हुन्छ ।

**तहगत विवरण/ व्याख्या (Level Descriptor):** राष्ट्रिय योग्यता प्रारूप (NQF) वा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को प्रत्येक तहमा हुनुपर्ने दक्षता र उपलब्धिको व्याख्या हो । यसले त्यस तहको योग्यता प्राप्त व्यक्तिले सम्पादन गर्न सक्ने कार्य दक्षताका बारेमा विस्तृत रूपमा वर्णन गर्दछ ।

**दक्षता (Competency):** निर्दिष्ट मापदण्डहरू बमोजिमको ज्ञान, सिप र अभिवृत्ति (मूल्य मान्यता तथा व्यवहार) सफलतापूर्वक प्रदर्शन गर्न सक्ने गरी व्यवस्थित गरिएको सक्षमता हो । यसका आधारमा तह अनुसारको योग्यता हासिल भयो वा भएन भनेर परीक्षण तथा मूल्याङ्कन गर्ने कार्य हुन्छ ।

**दक्षता प्रमाणिका (Competency Standards):** कामको निर्दिष्ट क्षेत्रमा यसको सञ्चालन, कार्यकलाप तथा प्रक्रियाका आधारमा प्रभावकारी रूपमा कार्य सम्पादन गर्नका लागि प्राविधिक व्यावसायिक शिक्षा र तालिम कार्यक्रमहरूमा आवश्यक सिकाइ उपलब्धि तय गर्न तथा मूल्याङ्कनका लागि निर्धारण गरिएको न्यूनतम आधार (बेन्चमार्कहरू) भन्ने बुझिन्छ।

**निर्णयात्मक मूल्याङ्कन (Summative Assessment):** निर्धारित दक्षता मूल्याङ्कन मापदण्डका आधारमा उम्मेदवारको दक्षता परीक्षण गर्न प्रयोग गरिने ज्ञान, सिप र अभिवृत्तिको अन्तमा गरिने परीक्षण हो ।

**पहुँच (Access):** सान्दर्भिक शैक्षिक योग्यता वा योग्यताको अंश, पेसागत पद, कार्य स्थलमा आधारित अवसरहरू, वृत्ति विकासमा प्रगति, वाधा अवरोध विना प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थामा जनसाङ्ख्यिक तथा भौगोलिक अवस्थाका बाबजुद समतामूलक एवम् न्यायोचित भर्नालगायत शिक्षा र तालिमका अवसरहरूमा सहज सहभागिताको अवस्था हो।

**पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning):** व्यक्तिले जुनसुकै माध्यमबाट सिकेको ज्ञान, सिप र अभिवृत्तिको परीक्षण गरी दक्षताको प्रमाणीकरण गर्ने कार्य हो ।

**परीक्षण/मूल्याङ्कन (Assessment):** व्यक्तिमा भएको ज्ञान, सिप र अभिवृत्ति निर्धारित दक्षताको प्रमाणिकाका आधारमा आवश्यक पर्ने प्रमाणहरूको पहिचान, सङ्कलन, व्याख्या तथा निर्णय गर्ने प्रक्रिया हो ।

**परीक्षण/मूल्याङ्कन मापदण्ड (Assessment standard):** सिकाइको मान्यता निर्धारण गर्न र सिकारुको स्तर पहिचान गर्न तथा सिकाइ उपलब्धिको परीक्षण/ मूल्याङ्कन गर्न र/वा दक्षताको मूल्याङ्कन र प्रमाणीकरण गर्नका लागि प्रयोग गरिने मानक वा मापदण्ड हो ।

**मोड्युल (Module):** मोड्युल भन्नाले कुनै पाठ्यक्रमभित्रको निर्धारित उद्देश्यहरू पूरा गर्ने कुनै "सिकाईको एकाइ" लाई बुझाउँछ। यस्ता मोड्युलहरू राष्ट्रिय दक्षता प्रमाणिका भित्रका एकाइका आधारमा तयार गरिन्छ ।

**योग्यता (Qualifications):** राष्ट्रिय योग्यता प्रारूप (NQF) र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) अनुसार व्यक्तिले हासिल गर्न सक्ने शैक्षिक र व्यावसायिक उपाधिलाई जनाउँदछ । यी उपाधिले व्यक्तिमा भएको दक्षताको स्तरलाई प्रमाणीकरण गर्दछ ।

**समकक्षता (Equivalency):** राष्ट्रिय योग्यता प्रारूप (NQF) र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) अनुसार व्यक्तिले देशभित्र वा देशबाहिर आर्जन गरेका योग्यताहरू तहगत दक्षता प्रमाणिका/ पाठ्यक्रमका आधारमा तुलना गरी प्रमाणित गर्ने प्रक्रियालाई बुझाउँछ । यसले योग्यताहरूका बिचमा तुलना गर्न र माथिल्लो तहको सिकाइ पथमा जाने मार्ग प्रशस्त गर्दछ ।

**सिकाइ उपलब्धिहरू (Learning Outcomes):** व्यक्तिहरूले कुनै शैक्षिक वा व्यावसायिक कार्यक्रमको अन्तमा आर्जन गर्नुपर्ने ज्ञान, सिप र अभिवृत्ति (दक्षता) लाई बुझाउँछ । सिकाइ उपलब्धिहरू शैक्षिक तथा व्यावसायिक कार्यक्रमका पाठ्यक्रममा उल्लेख गरिएको हुन्छ ।

**सिकाइ-पथ (Learning Path):** व्यक्तिहरूलाई राष्ट्रिय योग्यता प्रारूप (NQF) वा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) का स्तरबमोजिम पूर्ण वा आंशिक योग्यताहरू प्राप्तिका लागि लम्बीय, छड्के वा कुनै अवस्थामा समतलीय रूपमा अघि बढ्न स्वीकृति प्रदान गर्ने योग्यताहरूको क्रमबद्धता हो ।

# यस पुस्तिकाका बारेमा

नेपाल सरकारले २०७७ वैशाख २१ (२०२० मे ३) मा राष्ट्रिय योग्यता प्रारूप (NQF) स्वीकृत गरेको छ । उक्त प्रारूपमा व्यावसायिक योग्यता प्रारूपसमेत समावेश गरिएको छ । राष्ट्रिय योग्यता प्रारूप स्वीकृत गर्नुको प्रमुख उद्देश्य व्यक्तिले हासिल गरेका योग्यता र श्रम बजारबिचको सम्बन्ध स्थापित गर्नु, व्यक्तिले हासिल गरेका पूर्व ज्ञान तथा सिप परीक्षण तथा प्रमाणीकरण गर्नु र विभिन्न धारका शैक्षिक योग्यताहरूबिच गतिशीलता (Mobility) तथा पारगम्यता (Permeability) को अवस्था सिर्जना गर्नु हो ।

देशमा समकक्षता र योग्यताको मान्यता सबैभन्दा चुनौतीपूर्ण विषय बन्दै आएको छ । राष्ट्रिय योग्यता प्रारूपको व्यवस्थित एवम् प्रभावकारी कार्यान्वयनबाट यस प्रकारको समस्या समाधान गर्न सकिने हुन्छ । यसले साधारण शिक्षा तथा प्राविधिक शिक्षा र व्यावसायिक तालिमसँग सम्बन्धित शैक्षिक योग्यता र यसको मान्यतासम्बन्धी मुद्दालाई समाधान गर्न सहयोग गर्ने छ । त्यस्तै राष्ट्रिय योग्यता प्रारूपको व्यवस्थाले शैक्षिक योग्यताप्रतिको बुझाइमा पनि समानता ल्याउने छ । त्यसैगरी विभिन्न विधा तथा धारका शिक्षाबाट हासिल शैक्षिक योग्यताबिच तुलना गर्ने आधार प्रदान गर्नुका साथै योग्यताको मान्यता तथा स्थानान्तरण (Transferability) वा पारगम्यता (Permeability) को अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय योग्यता प्रारूपले श्रम-बजारका लागि आवश्यक ज्ञान, सिप तथा दक्षतासहितको जनशक्तिको आवश्यकताहरूलाई सम्बोधन गर्ने छ । यसले तालिम प्रदायकरशिक्षण संस्थाहरूलाई मापदण्डमा आधारित शैक्षिक योग्यताको गुणस्तर कायम गर्न थप प्रोत्साहित गर्दछ । प्रारूपको प्रभावकारी कार्यान्वयनबाट शैक्षिक योग्यताका प्रत्येक तहले अपेक्षा गरेको सिकाइ दक्षता (Competencies) सुनिश्चित गर्न सकिने हुन्छ । यसले एक धार वा तहको शैक्षिक योग्यताबाट अर्को धार वा तहको शैक्षिक योग्यता हासिल गर्ने अवसर प्रदान गर्ने छ । साथै व्यक्तिले उच्च तहको दक्षता वा योग्यता हासिल गर्न सक्ने वातावरण तयार गर्ने छ ।

योग्यता प्रारूपको कार्यान्वयनबाट औपचारिक, अनौपचारिक वा अरीतिकजस्ता जुनसुकै सिकाइको माध्यमबाट हासिल गरेको ज्ञान, सिप एवम् दक्षतालाई परीक्षण तथा प्रमाणीकरण गरी मान्यता प्रदान गर्ने छ । यसबाट व्यक्तिले आजीवन सिकाइ गरी आफ्नो योग्यताको प्रमाणपत्र पाउने अवसर प्राप्त हुने छ । यस प्रकारको योग्यताको प्रमाणपत्रले व्यक्तिको जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

शैक्षिक योग्यताका तहगत दक्षता, दक्षताको तहगत व्याख्या, राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) कार्यान्वयनका आधारभूत पक्षहरूलाई समेत विस्तृत रूपमा व्याख्या गरी यो विस्तृतीकरण पुस्तिका तयार गरिएको छ । यसले राष्ट्रिय योग्यता प्रारूप (NQF) र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को सन्दर्भ, मुलुकमा विद्यमान शिक्षा तथा तालिम क्षेत्रमा काम गर्ने निकाय तथा संस्थाहरू र तिनीहरूले प्रारूप कार्यान्वयनमा खेल्ने भूमिका र जिम्मेवारीहरूको बारेमा पनि प्रस्ट व्याख्या गरेको छ ।

यो पुस्तिकाले राष्ट्रिय योग्यता प्रारूप (NQF) र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को कार्यान्वयन, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा भएका असल अभ्यासहरूलाई समेत समेटेको छ । अन्य देशहरूका अनुभवहरूबाट भएको सिकाइलाई समावेश गरिएको छ । त्यसैगरी यसले नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास तथा साधारण शिक्षाका विभिन्न योग्यताहरूबिचको तादात्म्यताको अवस्थाका बारेमा स्पष्ट पारेको छ । यसबाट राष्ट्रिय श्रमबजारको जनशक्ति आवश्यकता पूरा गर्न आवश्यक सिप र दक्षताले युक्त श्रमशक्ति विकास गर्ने वातावरण तयार हुन जाने छ । प्रारूपले व्यक्तिले विभिन्न तरिकाबाट हासिल ज्ञान, सिप तथा सिकाइको प्रमाणीकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्ने छ । यस प्रारूपले विभिन्न धारका शैक्षिक योग्यताहरूबिच पारगम्यता तथा निरन्तरता प्रदान गर्ने अवसर सुनिश्चित हुने वातावरण सिर्जना गरेको छ । यस अर्थमा राष्ट्रिय योग्यता प्रारूप (व्यावसायिक योग्यता प्रारूपसमेत) विभिन्न प्रकारका शैक्षिक योग्यता हासिल गर्ने र व्यावसायिक सिप वृद्धिका अवसर सुनिश्चित गर्न थप मद्दत गर्ने एक महत्त्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा रूपान्तरित हुने अपेक्षा गरिएको छ ।

यो दस्तावेजले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति तथा स्विस कन्ट्याक्टको प्राविधिक सहयोगमा सञ्चालित नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाअन्तर्गतका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने छ । यो पुस्तिका तयार गर्दा विभिन्न सन्दर्भ-स्रोतहरूलाई आधार बनाइएको छ । यस क्रममा खास गरी युरोपेली योग्यता प्रारूप (EQF), श्रीलङ्का, भारत, पाकिस्तान र बङ्गलादेशको योग्यता प्रारूपहरूलाई विस्तृत रूपमा अध्ययन गरिएको छ । यस पुस्तिकालाई अर्थपूर्ण, गुणस्तरीय एवम् व्यावहारिक बनाउने क्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा NVQS परियोजना तहमा विभिन्न चरणमा परामर्श बैठकहरू सम्पन्न गरिएका थिए।

यसरी विभिन्न चरणमा भएका छलफल तथा अन्तर्क्रियाबाट प्राप्त सुझावहरू समेतलाई दृष्टिगत गर्दै पुस्तिका विकास गरी अन्तिम रूप प्रदान गरिएको छ ।

अन्तमा NQF र NVQF को प्रभावकारी कार्यान्वयनमा सम्बद्ध सबैको सकारात्मक सहयोग र सहजीकरण प्राप्त हुने अपेक्षा गरिएको छ ।

# कार्यकारी सारांश

राष्ट्रिय योग्यता प्रारूप (NQF) (जसमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) समेत समेटिएको छ) को विकास तथा कार्यान्वयन प्रारम्भ हुनुलाई मुलुकका लागि आवश्यक प्राविधिक जनशक्ति विकास र आपूर्तिका दृष्टिले महत्त्वपूर्ण अभ्यासका रूपमा लिन सकिन्छ । राष्ट्रिय योग्यता प्रारूपको मुख्य उद्देश्य साधारण तथा प्राविधिक धारका शैक्षिक योग्यताको परीक्षण तथा प्रमाणीकरण गरी शैक्षिक योग्यताहरूबिच पारगम्यता (Permeability) तथा गतिशीलता (Mobility) कायम गर्दै उच्च तहको शैक्षिक योग्यता तथा व्यावसायिक सिप विकासका अवसर सुनिश्चित गर्नु हो । यस उद्देश्यको कार्यान्वयनबाट व्यावसायिक शिक्षा तथा तालिम (TVET) क्षेत्रको विकास तथा विस्तारमा महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

राष्ट्रिय योग्यता प्रारूप (NQF) तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) लाई साधारण शिक्षा तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित विभिन्न तह र स्तरका योग्यताहरूलाई व्यवस्थित गर्ने राष्ट्रिय प्रारूप वा कार्यढाँचाका रूपमा लिइएको छ । यसले श्रम बजारको माग र आवश्यकताअनुसारको दक्ष एवम् सक्षम जनशक्ति आपूर्तिमा सहयोग पुऱ्याउने छ । यस दस्तावेजबाट कुनै पनि व्यक्तिले हासिल गरेको योग्यता तथा पेसागत दक्षतालाई सार्वजनिक तथा निजी क्षेत्रका रोजगारदाताहरूले मान्यता तथा समकक्षता प्रदान गर्ने वातावरण सिर्जना हुन गएको छ ।

यस प्रारूपले सरकारले तय गरेको शिक्षाको नीतिगत लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने छ । विशेषत: आजीवन सिकाइको अवसर सुनिश्चित गर्न सहजीकरण गर्नुका साथै विभिन्न माध्यमबाट सिकेको ज्ञान, सिप तथा अभिवृत्तिको प्रमाणीकरण तथा मान्यता प्रदान गर्ने अवसर प्रदान गर्ने छ । यसबाट शिक्षा र तालिमको गुणस्तर सुधार गर्न आवश्यक मानकसहितको आधार प्राप्त हुने छ । प्रारूपको प्रभावकारी कार्यान्वयनले समग्र शैक्षिक योग्यतालाई समय सापेक्ष र सान्दर्भिक बनाउनसमेत सहयोग पुग्ने छ । त्यसैगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी जनशक्ति उत्पादन र आपूर्ति गर्न समेत योग्यता प्रारूपको प्रावधानले सहजीकरण र सहयोग गर्ने छ ।

NQF र NVQF प्रारूपले विभिन्न योग्यताहरूबिचको सम्बन्ध स्थापित गर्दै त्यस्ता शैक्षिक योग्यताहरूको तहगत रूपमा वर्णन तथा व्याख्या गरेको छ । प्रारूपको कार्यान्वयनबाट विभिन्न प्रकारका शैक्षिक योग्यताहरूलाई मान्यता प्रदान हुने छ । प्रारूपले शैक्षिक योग्यताहरूको वर्गीकरण तथा तालिमको स्तर वृद्धिको मार्ग (Progression Pathways) तय गरेको छ । त्यस्तै यसले शैक्षिक योग्यता तथा तालिमको स्तर वृद्धिबिच लम्बीय तथा समतलीय सम्बन्ध कायम गर्ने छ भने शैक्षिक योग्यता तथा सिप वृद्धिका लागि सिकाइ सारण (Credit Transfer) पद्धति विकास गरी सिकारुको चाहना र समयअनुसार योग्यता हासिल हुने लचकता प्रदान गर्ने छ । साथै शैक्षिक योग्यता तथा तालिमलाई राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरहरूमा

मान्यता प्रदान गर्न पनि सहयोग पुग्ने छ । यो प्रारूपले सिकारुको पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) प्रदान गर्न आवश्यक मार्गदर्शनसमेत प्रदान गर्ने विश्वास पनि लिन सकिन्छ ।

NQF र NVQF को विकास तथा कार्यान्वयनले मुख्यतया तीन पक्षमा जोड दिएको छ । पहिलो पक्ष शैक्षिक योग्यताहरूको तहगत दक्षता तथा सिकाइ उपलब्धिहरूको व्याख्या तथा वर्गीकरणसँग सम्बन्धित छ भने दोस्रो पक्ष समग्र शिक्षा प्रणालीमा पारगम्यता (Permeability) को अवसर सुनिश्चित गर्ने मार्गहरू स्पष्ट गर्ने कार्यसँग सम्बन्धित छ । तेस्रो पक्ष योग्यताहरूको गुणस्तर सुनिश्चित संरचनाको व्यवस्था र मापदण्डहरूको विकास र कार्यान्वयनसँग सम्बन्धित छ । यी तीनओटै पक्षहरूको सुनिश्चितता गर्ने गरी राष्ट्रिय योग्यता प्रारूपले समग्र शिक्षा पद्धतिलाई व्यवस्थित गर्न र श्रमबजारको आवश्यकताअनुसारको जनशक्ति विकास तथा आपूर्ति गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

NQF/NVQF ले विभिन्न धारका शैक्षिक योग्यताहरूको तहगत व्याख्या गर्नुका साथै त्यस्ता शैक्षिक योग्यताहरूबिच स्पष्ट सह-सम्बन्ध स्थापित गरेको छ । प्रारूपले विभिन्न सिकाइ-पथ (Learning Pathway) तथा योग्यता हासिल गर्नका लागि गरिनु पर्ने प्रवेश विन्दु (Entry Point) र योग्यता पूरा हुने विन्दु (Exit or End Point) जस्ता पक्षहरूलाई स्पष्ट गरेको छ । त्यस्तै प्रारूपले शिक्षा र तालिमका क्षेत्रमा अगाडि बढ्ने मार्गहरू थप स्पष्ट पारेको छ । साथै यस प्रारूपले सिकाइ सारण (Credit Transfer) का अवसरहरूसमेत सुनिश्चित गर्ने प्रयास गरेको छ ।

स्वीकृत NQF/NVQF मा समग्र शिक्षाका शैक्षिक योग्यताहरूलाई आठ तहमा विभाजन गरी व्यवस्थित गरिएको छ । योग्यता प्रारूपमा प्रत्येक तहको दक्षता, सिकाइ उपलब्धि तथा योग्यताहरू परिभाषित गरिएका छन् । तहगत रूपमा सिकारुले के जान्न, बुझ्न र गर्न सक्नुपर्छ भन्ने पक्षहरू समेटी प्रत्येक तहको ज्ञान, सिप र अभिवृत्तिमा आधारित सिकाइ उपलब्धिहरूलाई विस्तृत रूपमा व्याख्या गरिएको छ । यस कार्यले समग्र शिक्षा पद्धतिको सञ्चालन तथा व्यवस्थापनका लागि मार्गदर्शन गरेको छ । समग्रमा NQF/NVQF ले तपसिल बमोजिमका लक्ष्यहरू लिएको छ :

१. एकीकृत राष्ट्रिय प्रारूप निर्माण गर्ने,

२. विभिन्न धारका शिक्षा र तालिममा पहुँच, शैक्षिक योग्यताहरूबिच गतिशीलता कायम गर्ने,

३. साधारण शिक्षा एवम् व्यावसायिक शिक्षा तथा तालिमका माध्यमबाट व्यक्तिका वृत्ति विकासका अवसरहरूको वृद्धि गर्ने,

४. श्रमबजारको मागअनुसार दक्षता र क्षमतालाई राष्ट्रिय योग्यता (NQ) तथा राष्ट्रिय व्यावसायिक योग्यता (NVQ) मा परिभाषित गरी मापदण्डमा आधारित मूल्याङ्कनका आधारमा योग्यताको प्रमाणपत्र प्रदान गर्ने ।

यो पुस्तिका नीति निर्माताहरू, सम्बन्धित साझेदारहरू, TVET सम्बद्ध निकाय तथा संस्थाहरू र सम्बन्धित सामाजिक साझेदारहरूलाई नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय योग्यता प्रारूप (NQF) तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) का बारेमा सहज रूपमा बुझ्न र बुझाउन सहयोग गर्ने उद्देश्यका साथ तयार गरिएको हो । यसले औपचारिक, अनौपचारिक र अरीतिक विधिबाट हुने सिकाइलाई निरन्तरता प्रदान गर्न प्रोत्साहन गर्ने छ । साथै यसले विभिन्न माध्यमबाट हासिल भएको ज्ञान र सिपलाई परीक्षण तथा प्रमाणीकरण गरी मान्यता प्रदान गर्न सकिने प्रावधानका बारेमा स्पष्ट जानकारी प्रदान गरेको छ । त्यसै गरी शिक्षा र तालिमको गुणस्तर सुधारका उपायका बारेमा थप स्पष्टता प्रदान गरेको छ । यसबाट तहगत रूपमा हासिल गर्नुपर्ने शैक्षिक योग्यताहरूको ज्ञान, सिप र अभिवृत्तिमा आधारित दक्षताहरूको व्याख्याबाट सिकाइ संरचनालाई थप स्पष्टता ल्याउने कार्य गरेको छ । त्यसैले यस कार्यबाट सिकारु, उद्यमी (व्यवसायीहरू तथा कार्यरत कामदारहरूलाई प्रत्यक्ष फाइदा पुग्ने छ । यसका साथै दक्ष एवम् प्रतिस्पर्धी जनशक्ति तयारी एवम् तथा आपूर्तिबाट समग्रमा श्रम बजार तथा देशको अर्थतन्त्रलाई सुधार गर्न समेत फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

यो पुस्तिकालाई मुख्य चारओटा खण्डहरूमा व्यवस्थित गरिएको छ । पहिलो खण्डले योग्यता प्रणालीसम्बन्धी जानकारी प्रदान गरेको छ । दोस्रो खण्डले नेपालको राष्ट्रिय योग्यता प्रणालीका बारेमा व्याख्या गर्नुका साथै NQF/NVQF को संरचनाका बारेमा प्रारम्भिक रूपरेखा र मूलभूत तत्त्वहरूका सम्बन्धमा जानकारी प्रदान गरेको छ । तेस्रो खण्डमा राष्ट्रिय योग्यता प्रारूपका अन्तर्राष्ट्रिय अनुभवहरूका बारेमा वर्णन गरिएको छ भने चौथो खण्डमा NVQF को सफल कार्यान्वयनका आधारशिलाहरूको रूपरेखा प्रदान गरेको छ ।

खण्ड एक

# योग्यता प्रणाली सम्बन्धी आधारभूत जानकारी

## १.१ पृष्ठभूमि

शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन पद्धतिमा प्रभावकारी रूपमा पहुँच र गुणस्तर सुधारका लागि शैक्षिक योग्यता, राष्ट्रिय योग्यता प्रणाली (NQS) र राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयनमा आएका छन् । त्यसैले यस्ता दस्ताबेजहरूका बिचको अभिप्राय तथा भिन्नतालाई स्पष्टसँग बुझ्नु आवश्यक हुन्छ । युरोपेली योग्यता प्रारूप (EQF) का अनुसार योग्यता (Qualification) भन्नाले "मूल्याङ्कन र प्रमाणीकरण प्रक्रियाको औपचारिक नतिजा हो, जसलाई एक अधिकार प्राप्त निकायले निर्धारित मापदण्डअनुसार कुनै व्यक्तिले निर्दिष्ट सिकाइ उपलब्धि के कति हासिल गरेको छ भनी औपचारिक परीक्षण र प्रमाणीकरण गरेपछि योग्यता हासिल हुने गर्छ" (ETF 2011 and 2012) । राष्ट्रिय योग्यता प्रणालीले (NQS) समग्र शिक्षा तथा व्यावसायिक तालिमको पद्धतिलाई समेटेको हुन्छ । त्यसैले यसमा साधारण शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, व्यावसायिक तालिम तथा सिप विकास कार्यक्रमसँग सम्बन्धित प्रणालीहरूसहित देशको समग्र शिक्षा र तालिम समेटिएको हुन्छ ।

राष्ट्रिय योग्यता प्रारूप (NQF) लाई राष्ट्रिय शिक्षा पद्धतिमा पुनर्सरचित गर्दै व्यवस्थित गर्ने नीतिगत कार्य ढाँचाका रूपमा लिने गरिन्छ । यिनीहरूमा तहगत रूपमा व्यवस्था गरिएका शैक्षिक योग्यताअनुसार हासिल गर्नुपर्ने ज्ञान, सिप र अभिवृत्तिमा आधारित दक्षता तथा सिकाइ उपलब्धिहरू परिभाषित गरिएका हुन्छन् । त्यसै गरी यसमा सिकारुले के कति सिक्ने भन्ने पक्ष पनि स्पष्ट गरिएको हुन्छ । प्रारूपले औपचारिक, अनौपचारिक वा अरीतिक जुनसुकै सिकाइका माध्यमहरूबाट प्राप्त सिकाइको परीक्षण तथा प्रमाणीकरण गरी मान्यता प्रदान गर्ने प्रावधान व्यवस्थित गरेको हुन्छ । तसर्थ यसको प्रयोगबाट सिकारुमा आजीवन सिकाइका लागि थप प्रोत्साहन प्राप्त हुने गर्दछ । व्यावसायिक योग्यता प्रारूपमा व्यवस्था गरिएका शैक्षिक योग्यताहरू हासिल गर्ने क्रममा पाठ्यक्रम, प्रशिक्षण, दक्षताको मूल्याङ्कनका आधार र प्रमाणिकाहरूमा पनि प्रारूपअनुसार थप परिमार्जन गर्दै थप व्यवस्थित गर्नुपर्ने हुन्छ । त्यसैले प्रारूपमा त्यस्ता सबै पक्षहरूका बारेमा पनि स्पष्ट पार्ने कार्य गरिएको हुन्छ ।

कुनै पनि देशको राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) मा सिकाइलाई मान्यता प्रदान गर्न आवश्यक संयन्त्र र प्रक्रिया समावेश गरिएको हुन्छ । यसमा शिक्षा र तालिमलाई श्रम बजारसँग जोड्ने प्रयास गरिएको हुन्छ । यसका लागि संस्थागत संयन्त्रको विकास तथा कार्यान्वयन प्रक्रिया पनि निर्धारण गर्दै सोका माध्यमबाट सिकाइको गुणस्तरीयताको सुनिश्चितता, सिकाइको परीक्षण तथा योग्यताको निर्धारण एवम् मान्यता वा समकक्षतासहितको शैक्षिक योग्यता प्रदान गर्ने कार्य गरिएको हुन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका प्रमुख अङ्गहरूमा योग्यताको सुनिश्चितता (Assurance of Qualification), विभिन्न शैक्षिक योग्यताहरूको तुलनीयता (Comparability of Qualifications), योग्यताको तहगत प्रगति पथ (Progression of Qualification levels), योग्यताको मान्यता (Recognition of Qualifications), स्थानान्तरणका लागि सहजीकरण, शैक्षिक योग्यताहरूबिचको पारगम्यता (Permeability) तथा सिकाइ सञ्चय तथा सारण (Credit Accumulation and Transfer) आदि रहेका छन् ।

## १.२ राष्ट्रिय योग्यता प्रारूप (NQ) का अन्तर्राष्ट्रिय अनुभवहरू

सन् १९८७ मा बेलायतमा सुरु गरिएको राष्ट्रिय व्यावसायिक योग्यता (NVQ) प्रारूपलाई व्यावसायिक तथा प्राविधिक दक्षतामा आधारित (Competency–Based) पहिलो प्रारूपका रूपमा लिने गरिन्छ । यसपछि न्युजिल्यान्डको विस्तृत NVQ प्रारूप, १९९२ र दक्षिण अफ्रिकाको प्रारूप, १९९५ को अभ्यास सुरु गरिएको थियो। यी प्रारूपहरू संयुक्त राज्य अमेरिकामा अभ्यासमा आएका दक्षतामा आधारित शिक्षक प्रशिक्षण मोडेलहरूबाट निर्दिष्ट थिए । सन् २००४ सम्म पाँचओटा NVQ हरू अस्तित्वमा रहेका थिए । यिनीहरू मूलतः दक्षतामा आधारित व्यावसायिक शिक्षा र प्रशिक्षणसम्बन्धी प्रारूपहरू थिए (एलाइस र साथीहरू, २०११) ।

राष्ट्रिय योग्यता प्रारूपका अतिरिक्त क्षेत्रीय योग्यता प्रारूप (RQF) निर्माण तथा कार्यान्वयन गर्ने अभ्यास पनि रहेका छन् । यी प्रारूपहरूले विभिन्न देशहरूबिचको शैक्षिक योग्यताहरूमा तादात्म्यता र समन्वय (Increased coherence and coordination) लाई प्रभावकारी बनाउने लक्ष्य लिएका छन् । त्यसैगरी यस्ता प्रारूपले व्यक्तिले हासिल गरेका सिप तथा सिकाइको परीक्षण तथा मान्यता प्रदान गर्ने पक्षलाई पनि महत्त्व दिएका छन् । साथै योग्यताहरूको अन्तर्राष्ट्रिय मान्यता र अन्तरसम्बद्धता (International recognition and alignment of qualifications), आजीवन सिकाइका अवसरहरूमा अभिवृद्धि (Enhanced opportunities for lifelong learning) र कामदारहरूको रोजगारीमा सुधार, उद्योग प्रतिष्ठानहरूको

उत्पादकत्वमा वृद्धि र समावेशी आर्थिक विकास (Improved employability of workers, productivity of enterprises and inclsive economic growth) आदि पक्षहरूको सुनिश्चिततामा समेत जोड दिएका छन् ।

## १.३ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप सम्बन्धी क्षेत्रीय अभ्यास

### १.३.१ दक्षिण अफ्रिकी प्रारूप

दक्षिण अफ्रिकामा सन् १९९५ मा राष्ट्रिय योग्यता प्रारूप (NQF) सुरु भएको थियो । यस देशले शिक्षा, तालिम र वृत्ति विकासका पथहरूभित्र गतिशीलता र प्रगतिको सिद्धान्तहरू अपनाएको थियो । दक्षिण अफ्रिकाको NQF को मुख्य उद्देश्य दक्षता र सिकाइ उपलब्धिको निर्दिष्टता, शैक्षिक योग्यता तथा तालिमका कार्यक्रमहरूबिचको गतिशीलता, शिक्षा र तालिमको गुणस्तरीयता र शिक्षामा रहेको असमानता एवम् विभेद हटाउन आवश्यक एकीकृत राष्ट्रिय प्रारूप तयार गर्नु रहेको थियो । दक्षिण अफ्रिकी प्रारूपले शैक्षिक योग्यताहरूलाई दश तहमा वर्गीकृत गरेको छ ।

### १.३.२ युरोपेली योग्यता प्रारूप (EQ)

EQF योग्यताहरूको पारदर्शिता (Transparency), तुलनात्मकता (Comparability) र स्थानान्तरता (Transferability) मा सुधार ल्याउने सिद्धान्तहरूमा आधारित छ । यसका अलावा यसले आजीवन सिकाइमा समेत जोड दिएको छ (EU, २०१८) । यसले विशेष गरी एकीकरण (Integration), सान्दर्भिकता (Relevance), विश्वसनीयता (Credibility), विभिन्न शैक्षिक योग्यताहरूबिचको तादाम्यता (Coherence), सिकाइ विधिमा लचकता (Flexibility), सर्वस्वीकार्य मापदण्डको प्रयोग (Standards), कानुनी वैधता (Legitimacy), पहुँचको सुनिश्चितता (Accessibility) जस्ता पक्षहरू समेटेको छ । यस प्रारूपमा व्यावसायिक शिक्षा र तालिमका लागि युरोपेली क्रेडिट प्रणाली र VET का लागि युरोपियन गुणस्तर सुनिश्चितता प्रारूप (European Quality Assurance Reference Framework) कार्यान्वयन गर्ने जस्ता पक्षहरू समावेश गरिएको छ (Galvao, २००९) । युरोपेली प्रारूपले शैक्षिक योग्यतालाई आठ तहमा वर्गीकरण गरेको छ ।

### १.३.३ दक्षिण-पूर्वी एसियाली राष्ट्रहरूको संगठन (ASEAN) को योग्यता सन्दर्भ प्रारूप (AQRF)

आसियान योग्यता सन्दर्भ प्रारूप (AQRF) एउटा क्षेत्रीय साझा सन्दर्भ प्रारूप हो । यसले दक्षिण पूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (ASEAN) का सदस्य राष्ट्रहरूका

योग्यताहरूबिचमा तुलना गर्छ । यसले सबै शिक्षा र तालिमका क्षेत्रलाई सम्बोधन गर्दै आजीवन सिकाइको व्यापक उद्देश्यलाई प्रवर्धन गर्ने लक्ष्य लिएको छ (टास्क फोर्स AQRF, २०२०) । त्यसैगरी एक देशबाट अर्को देशमा व्यक्ति र श्रमिकको गतिशीलतालाई सहज बनाउने लक्ष्य लिएको छ। यो प्रारूपले शैक्षिक तथा व्यावसायिक योग्यतालाई आठ तहमा वर्गीकरण गरेको छ ।

### १.३.४ दक्षिण एसियाली योग्यता सन्दर्भ प्रारुप (South Asian Qualification Reference Framework –SAQRF)

काठमाडौँमा २६ र २७ नोभेम्बर २०१४ मा सम्पन्न १८ औँ सार्क राष्ट्र तथा सरकार प्रमुखहरूको शिखर सम्मेलनले सार्क राष्ट्रहरूबिच साक्षरतादेखि श्रम बजारसम्म पहुँचका लागि अपेक्षित सहयोगका सम्बन्धमा कार्ययोजनासहित स्पष्ट रूपमा निर्देश गरेको थियो । उक्त कार्ययोजनाले सिप तथा व्यावसायिक योग्यताको सन्दर्भमा सिपको योग्यताको प्रमाणीकरणका लागि एक प्रारूपको विकास गर्ने, क्षेत्रीयस्तरमा सिप तथा योग्यताको तालमेल वा समकक्षतालाई सहजीकरण गर्ने र दक्षिण एसियाका आप्रवासी कामदारको सिपको मान्यतालाई गन्तव्य मुलुकहरूमा बढवा दिने गरी दक्षिण एसियाली योग्यता सन्दर्भ प्रारूप र दक्षता प्रमाणिकाहरू निर्माण गर्ने लक्ष्य तय गरेको थियो । त्यसै गरी विद्यमान राष्ट्रिय योग्यता प्रारूप, पेसागत मापदण्ड र योग्यताका तहअनुसारको दक्षताहरूको पुनरावलोकन गर्ने, दक्षिण एसिया र प्रमुख गन्तव्य देशहरूमा रहेका यस क्षेत्रका आप्रवासी कामदारहरूका लागि प्राथमिकताका विषयहरूमा उपयुक्त क्षेत्रीय मापदण्डहरूको विकास गर्ने तथा सदस्य राष्ट्रहरूले तय गरेका सिप/योग्यतालाई गन्तव्य देशहरूद्वारा मान्यता दिने गरी काम गर्ने जस्ता अन्य लक्ष्यहरूमा पनि सहमति भएको थियो । यो प्रारूपले शैक्षिक योग्यतालाई आठ तहमा विभाजन गरेको छ ।

## १.४ अन्तर्राष्ट्रिय मापदण्डमा आधारित शिक्षाको वर्गीकरण (International Standard Classification of Education–ISCED)

International Standard Classification of Education (ISCED) संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय आर्थिक तथा सामाजिक वर्गीकरण समूह (United Nations International Family of Economic and Social Classifications) अन्तर्गत पर्दछ। ISCED शैक्षिक कार्यक्रमहरू र शिक्षासँग सम्बन्धित योग्यताहरूको तह तथा क्षेत्रहरूलाई व्यवस्थित गर्न प्रयोग हुने सन्दर्भवर्गीकरण हो (युनेस्को, २०११) ।

ISCED तह ६, ७ र ८ नेपालको राष्ट्रिय योग्यता प्रारूपको उच्च शिक्षाको तह सरह रहेको छ। त्यसै गरी ISCED १, २ र ३ ले नेपालको राष्ट्रिय योग्यता प्रारूपको तह १ देखि तह ५ सम्मलाई समेटेको छ। ISCED तह ०, ४ र ५ भने राष्ट्रिय योग्यता प्रारूपका स्तरहरूसँग मेल खाँदैनन्। ISCED को शून्य तह (०) ले पूर्व विद्यालय (Pre–School) कार्यक्रमहरूलाई बुझाउँछ। त्यसै गरी तह ४ माध्यमिक शिक्षापश्चात्को शिक्षालाई बुझाउँछ (Post–secondary non–tertiary)। नेपालको सन्दर्भमा ISCED तह १ ले कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षालाई समेट्छ, जुन राष्ट्रिय योग्यता प्रारूप अनुसार तह १, २, र ३ सम्म रहेको छ। ISCED तह १ र ISCED तह २ बिचको सीमारेखा शिक्षा प्रणालीका सङ्क्रमण बिन्दु (Transition Point) हुन्। साथै यो राष्ट्रिय योग्यता प्रारूपको तह ४ सँग पनि प्रत्यक्ष मेल खान्छ। ISCED तह ३ राष्ट्रिय योग्यता प्रारूपको स्तर ५ सँग पूर्ण रूपमा मेल खान्छ र अन्तर्राष्ट्रिय रूपमा तुलनात्मक बनाउनका लागि यसलाई जनाउन उच्च माध्यमिक शिक्षाको शब्दावली प्रयोग गरिएको छ। त्यसैले राष्ट्रिय योग्यता प्रारूपको तह १-८ लाई ISCED को तह १,२,३,६,७ र ८ सँग सान्दर्भिकीकरण गरिएको छ।

हालसम्म करिब १५० देशले राष्ट्रिय योग्यता प्रारूप वा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको थालनी गरेका छन् (श्रेष्ठ, २०१९)। यस्ता प्रारूपहरू देशको आर्थिक र सामाजिक आवश्यकताहरू पूरा गर्न सहयोगी हुने विश्वास लिइएको छ। यी प्रारूपहरूले विद्यार्थीलाई सिकाइमा लचकता प्रदान गर्ने, गुणस्तर सुधार हुने र हासिल भएका योग्यताले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मान्यतासमेत प्राप्त गर्ने छन्।

## १.५ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप विकास प्रक्रिया

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप विकास गर्दा मूलत: तीन चरण अवलम्बन गरिन्छ। पहिलो उद्देश्य निर्माणसँग सम्बन्धित छ। उद्देश्य निर्माणपश्चात् राष्ट्रिय दक्षता प्रमाणिकाहरू तयार पारी सोअनुसारको व्यावसायिक शिक्षा तथा तालिमका शैक्षिक कार्यक्रमहरू विकासको चरण प्रारम्भ हुन्छ। त्यसै गरी कार्यक्रम विकास भइसकेपछि कार्यक्रमको कार्यान्वयन चरण प्रारम्भ हुन्छ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका उद्देश्य तथा प्राथमिकताहरू देशअनुसार फरक फरक हुने गर्दछन्। त्यस्तै प्रारूप विकास र कार्यान्वयनका चरण र प्रक्रिया पनि अलग अलग हुने गर्छन्। प्रारूप विकासका क्रममा सम्बन्धित सरोकारवालाबिच बृहत्तर छलफल, अन्तर्राष्ट्रिय प्रारूपको अध्ययन तथा विश्लेषण, क्षेत्रीय आवश्यकता र

अभ्यासको पुनरावलोकन, मुलुकको विद्यमान शिक्षा तथा व्यावसायिक तालिम विकासका पद्धति र अभ्यासको विश्लेषण, स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययनसमेतलाई प्रमुख आधार बनाउने गरिन्छ । त्यसै गरी विद्यमान समग्र शिक्षा पद्धति र श्रमबजारले भोग्दै आएका समस्या तथा चुनौतीहरूको विश्लेषण गरी प्रारूप विकास गरिन्छ । यसरी विकास गरिएको प्रारूपलाई सरकारले स्वीकृत गरेपछि कार्यान्वयनको चरणमा प्रवेश गर्दछ ।

यसरी विकसित प्रारूपको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत तथा कानुनी आधारहरू आवश्यक हुन्छन् । यी कानुनी आधारहरूमा प्रारूप कार्यान्वयनका लागि आवश्यक प्रशिक्षणात्मक तथा व्यवसायगत (Instructional and Professional) संरचनासमेतको व्यवस्था हुने गर्दछ ।

नेपालमा हाल सामान्य शैक्षिक संरचनाअनुसार शिक्षा पद्धति (साधारण तथा व्यावसायिक) सञ्चालनमा रहेका छन् । त्यस्तै सञ्चालित कार्यक्रमको व्यवस्थापनका लागि अलग अलग संरचना तथा प्रक्रियाहरू अभ्यासमा रहेको अवस्था छ । यसलाई स्वीकृत प्रारूपअनुसार थप व्यवस्थित गर्न विद्यमान शिक्षा पद्धतिमा प्रक्रियागत, संरचनागत, जनशक्तिको व्यवस्थापन लगायतका अन्य शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका प्रक्रिया एवम् मापदण्डहरूमा आवश्यक परिमार्जन गर्नुपर्ने अवस्था विद्यमान छ । राष्ट्रिय योग्यता प्रारूप/व्यावसायिक योग्यता प्रारूपसमेत स्वीकृत भएको र अन्य व्यवस्थापनका लागि आवश्यक कानुनी आधार एवम् पूर्वाधारहरू विकासको क्रममा नै रहेको अवस्थामा प्रारूप कार्यान्वयन हाल प्रारम्भिक चरणमा नै रहेको छ । पूर्ण स्वरूपमा कार्यान्वयनमा नजाँदासम्मका लागि हाल कार्यान्वयनमा रहेका साधारण तथा व्यावसायिक धारका शैक्षिक कार्यक्रमका साथै व्यावसायिक सिप विकासका कार्यक्रमहरू पनि यथावत् रूपमा सञ्चालनमा रहने अवस्था छ ।

स्वीकृत योग्यता प्रारूप विकास तथा कार्यान्वयन प्रक्रियालाई देहायको चित्रमा संक्षेपीकरण गरिएको छ:




*चित्र १: राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप विकास तथा कार्यान्वयन प्रक्रिया*

खण्ड दुई

# नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS)

## २.१ परिचय

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (२००७) का अनुसार योग्यता प्रारूप दक्षता परिभाषित गर्ने साधन हो । यसले विद्यमान तथा भावी शैक्षिक योग्यतालाई संरचित (Structured) तथा व्यवस्थित गर्ने कार्य गर्दछ । योग्यता प्रारूपमा तहगत दक्षता तथा सिकाइ उपलब्धिहरू परिभाषित हुन्छन् । सिकारुले शिक्षालय, शिक्षालय बाहिर, कार्य स्थल तथा वैकल्पिक र अनौपचारिक रूपमा के कति सिक्ने भन्ने पक्षहरूमा स्पष्ट दिशा निर्देश गरिएको हुन्छ ।

माथि प्रस्तुत परिभाषाका आधारमा खास गरी प्रारूपका अवयवका रूपमा रहने तीन ओटा कुराहरूमा उल्लेख गर्न उपयुक्त हुन्छ । पहिलो, राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) का तहहरू सिकाइ उपलब्धिमा आधारित हुनुपर्दछ । दोस्रो, सिकारुलाई सिकाइ मार्ग तय गर्न सहयोग गर्नुपर्छ र तेस्रो, गुणस्तर तथा सहज पहुँचको अवस्था सुनिश्चित गरेको हुनुपर्दछ ।


राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) प्रणालीसँग सम्बन्धित छ । शैक्षिक कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन अलग भए पनि शैक्षिक योग्यताका विभिन्न धारहरूबिच एकीकृत र तुलनायोग्य (Comparable) हुने गरी व्यावसायिक योग्यता प्रारूप व्यवस्थित गरिएको छ ।

राष्ट्रिय योग्यता प्रारूपले साधारण शिक्षा (GE–NQF) र प्राविधिक शिक्षा (TVET–NVQF) प्रणालीहरूलाई एकापसमा आबद्ध गरेको छ । त्यस्तै प्राविधिक शिक्षाबाट साधारण शिक्षा र साधारण शिक्षाबाट प्राविधिक शिक्षामा पारगम्यता (Permeability) हुने अवसर प्रदान गरिएको छ । साथै तिनीहरूबिचको मान्यता तथा समकक्षता सुनिश्चित गरिएको छ । यसबाट व्यक्तिहरू सहज रूपमा निश्चित तहसम्म साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा र प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षाबाट साधारण शिक्षामा प्रवेश गर्न सक्ने मार्ग प्रशस्त हुन गएको छ ।

यस प्रारूपले विस्तृतरूपमा तहगत शैक्षिक योग्यताको नाम, तहगत शैक्षिक योग्यताहरूको दक्षताहरूको व्याख्या र योग्यताको स्तर निर्धारण गरेको छ । साथै यस प्रारूपले योग्यताबिचको पारगम्यता र प्रगति पथ (Progression Path), योग्यता र तह अनुसारको दक्षताको परीक्षण तथा प्रमाणीकरण, प्रमाणीकरण प्रक्रियामा सहभागी हुने मूल्याङ्कनकर्ताहरू (Assessors), मूल्याङ्कन प्रक्रिया, व्यवस्थापन र प्रमाणीकरणका लागि मानक र मापदण्ड स्पष्ट गरेको छ । त्यसैगरी पूर्व सिकाइ मान्यता (Recognition of Prior Learning) का आवश्यक सूचकहरू, गुणस्तर सुनिश्चित पद्धति र योग्यता प्रमाणीकरण गर्ने निकायसमेतको व्यवस्था गरेको छ ।

## २.२ नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको औचित्य

नेपालमा हाल सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रमहरूबाट हासिल ज्ञान, सिप तथा अभिवृत्तिको विभिन्न तरिकाबाट प्रमाणीकरण हुँदै आए पनि शैक्षिक कार्यक्रम तथा व्यावसायिक सिपको प्रमाणीकरण गरी उच्च शैक्षिक योग्यता तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्ने प्रयोजनका लागि पूर्व सिकाइको परीक्षण तथा प्रमाणीकरण कार्य पनि संस्थागत हुन सकेको अवस्था छैन । यस प्रकारको व्यवस्थाको अभावका कारण स्वदेश तथा विदेशमा उपलब्ध श्रम बजारमा सहज पहुँचमा समस्या भोग्दै आएको अवस्था विद्यमान छ । त्यसैगरी विभिन्न शिक्षा प्रदायक निकायहरूबाट सञ्चालित शैक्षिक तथा व्यावसायिक तालिमका कार्यक्रमका पाठ्यक्रम




*चित्र २: नेपालमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको औचित्य*

एवम् परीक्षण तथा प्रमाणीकरण, गुणस्तर मापदण्डको विकास तथा कार्यान्वयनमा सामञ्जस्ययताको अभाव रहेको छ ।

विद्यमान अवस्थामा कतिपय प्राविधिक धारका प्रि-डिप्लोमा तथा डिप्लोमा कार्यक्रमबाट सम्बन्धित विषयको प्राविधिक धारकै माथिल्लो तहमा जाने व्यवस्था अवरुद्ध हुने गरेको छ । चार दशकदेखि राष्ट्रिय सिप परीक्षण समितिबाट हुँदै आएको तह एकदेखि तह चारसम्मका सिप प्रमाणीकरण श्रम बजारका लागि काम गर्ने प्रयोजनका लागि मात्र मान्य हुने गरेको छ । योग्यता अभिवृद्धि हुने उत्कट चाहना भएका व्यक्तिहरूसमेत उच्च तहको योग्यता अभिवृद्धिको अवसरबाट वञ्चित हुँदै आएका छन् । यसबाट सक्षम युवाहरूमा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका शैक्षिक कार्यक्रमहरूप्रति विकर्षणको अवस्था विद्यमान हुनुले समग्र देशको आर्थिक विकासमा नकारात्मक प्रभाव पर्ने अवस्था देखिन आएको छ । अर्कोतर्फ श्रमबजारमा दक्ष एवम् प्रतिस्पर्धी जनशक्तिको आवश्यकता बढ्दै गएको तर आवश्यकताअनुसार जनशक्ति आपूर्ति पनि हुन सकेको छैन । त्यसैगरी युवाहरू वैदेशिक रोजगारीमा सिप प्रमाणीकरण विना नै विदेश जाने क्रम बढ्दै गएकाले यसलाई तत्काल निरूपण गर्न अत्यावश्यक देखिन आएको छ । यही वास्तविकतामा आधारित भई नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारूप तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको अवधारणा अभ्यासमा ल्याएको हो ।

## २.२ NQF र NVQF को संरचना


राष्ट्रिय योग्यता प्रारूप (NQF) तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) को स्वीकृत संरचनाले साधारण शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) धारका शैक्षिक योग्यताहरूलाई स्पष्ट रूपमा दक्षतामा आधारित हुने गरी वर्गीकरण गरेको छ । त्यसैगरी उच्च तहका लागि प्रगति पथ तय गरेको छ । दुवै धारका योग्यताहरूलाई तहगत रूपमा तह १ देखि तह ८ सम्म परिभाषित गरी तुलनायोग्य (Comparable) बनाएको छ । यी तहहरूलाई शिक्षाको अन्तर्राष्ट्रिय मापदण्डमा आधारित वर्गीकरण (ISCED) तथा अन्य क्षेत्रीय प्रारूप (Regional Framework) हरूसँग सान्दर्भीकरण (Referencing) पनि गरिएको छ । यी प्रारूपहरूमा साधारण शिक्षाको धारबाट TVET का धारमा एवम् TVET धारबाट साधारण शिक्षाको धारको शैक्षिक योग्यतामा जान सक्ने पारगम्यता (Permeability) का प्रावधानहरू तय गरिएको छ । यी प्रावधानहरूले TVET कार्यक्रममा व्यक्तिले निरन्तररूपमा उच्च तहको शैक्षिक योग्यताका कार्यक्रममा प्रवेश पाउने अवस्था सिर्जना भएको छ । त्यसैगरी हालको TVET का शैक्षिक कार्यक्रमहरू बिचैमा टुङ्गिने

अर्थात् मृतअन्त (Dead–End) हुने समस्यालाई समाधान गर्न खोजिएको छ । प्रारूपहरूको पूर्ण कार्यान्वयनपछि नेपालका युवाहरू रोजगारमूलक एवम् आयमूलक TVET धारमा आकर्षित हुने वातावरण सिर्जना भएको छ ।

प्रारूपहरूको व्यवस्थाले विभिन्न तरिकाले पेसागत दक्षता हासिल गरी कार्यरत व्यक्तिहरूलाई पूर्वसिकाइको मान्यता (RPL) विधिबाट दक्षता परीक्षण गरी योग्यता प्राप्त गर्ने अवसर सिर्जना भएको छ । यसले गर्दा व्यक्तिहरूमा भएका सिकाइ तथा सिपको मान्यता (Recognition) हुने र माथिल्ला तहका शैक्षिक योग्यता वा सिप अभिवृद्धिका तालिममा सहभागी हुने अवसर सुनिश्चित हुन गएको छ । साथै यसबाट व्यक्तिहरूलाई आजीवन सिकाइ (Life Long Learning) को मान्यताअनुसार निरन्तर सिक्ने र नयाँ नयाँ दक्षता हासिल गर्ने बानीको विकास हुन जानुका साथै सिकाइको दिगोपना कायम हुने छ ।

नेपालमा खासगरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा विभिन्न समयावधि (Duration) का तालिमहरू सञ्चालनमा रहेका छन् । ती तालिमहरू निकायगत रूपमा छुट्टाछुट्टै (Isolated) विधि तथा प्रक्रियाका आधारमा सञ्चालन हुने अवस्था रहेको छ । यस्ता कार्यक्रमहरूबाट देशले परिलक्षित गरेको प्राविधिक दक्ष जनशक्ति विकास तथा आपूर्तिमा ठोस योगदान पुऱ्याउन सकेको अवस्था देखिँदैन । यस समस्यालाई मनन गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले नेपालका सबैखाले तालिमहरूलाई दक्षता प्रमाणिकासँग तादात्म्य कायम गरी क्रेडिट सञ्चयन र सारण (Credit Accumulation and Transfer) को प्रावधानसहित शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने अभिप्राय राखेको छ, जसले गर्दा छरिएर रहेका तालिम कार्यक्रमलाई एकीकृत गरी तोकिएको तहगत शैक्षिक योग्यता र दक्षतासँग जोड्ने अवस्था सिर्जना हुन गएको छ ।

नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारूप (प्राविधिक तथा व्यावसायिक शिक्षासमेत) को संरचना स्वीकृत गरी कार्यान्वयनमा जाने मार्ग प्रशस्त गरेको छ । स्वीकृत प्रारूपले समग्र शिक्षा पद्धतिलाई आठ भागमा विभाजन गरेको छ । साथै साधारण शिक्षा तथा व्यावसायिक शिक्षाको धारका शैक्षिक योग्यताहरूबिचको समकक्षता र पारगम्यताको व्यवस्था सुनिश्चित गरेको अवस्था छ । नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय योग्यता प्रारूपको संरचना देहायबमोजिम रहेको छः





***चित्र ३: राष्ट्रिय योग्यता प्रारुपको मूल ढाँचा***

माथिको संरचनाअनुसार औपचारिक, अनौपचारिक तथा अरीतिक तरिकाबाट व्यावसायिक शिक्षा र तालिमका सबै क्षेत्रहरूमा हासिल भएका सिकाइमा आधारित बृहत् शैक्षिक योग्यताको ढाँचासहित निश्चित तहमा साधारण शिक्षातर्फ पारगम्यता हुने र समकक्षी मान्यता प्रदान गर्ने व्यवस्थित योग्यताको ढाँचा नै राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NQF) हो । साधारण शिक्षासरह नै राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) मा पनि आठओटा शैक्षिक योग्यताका तहहरू समावेश छन् । ती प्रत्येक तहहरूको विशिष्टीकृत रूपमा प्रारूपमा व्याख्यासमेत गरिएको छ ।


राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) मा शैक्षिक योग्यताको तहगत व्यवस्थापन गरिएको हुन्छ । यसरी व्यवस्थापन गर्दा सिकाइ उपलब्धिलाई पनि तोकिएको तह र तहगत दक्षताको व्याख्यालाई प्रमुख आधार मानिएको हुन्छ । शैक्षिक योग्यताका तहलाई ज्ञान, सिप तथा अभिवृत्तिको जटिलता तथा स्तर वृद्धिअनुसार तय गरिएको हुन्छ । जस्तो कि तह १ ले कम जटिल र तह ८ ले सबभन्दा बढी जटिल तहको दक्षता वा ज्ञान, सिप तथा अभिवृत्तिलाई जनाउँछ । तहले “सिकाइमा उपयोग गरिएको समय वा वर्षभन्दा पनि योग्यताका लागि आवश्यक ज्ञान, सिप तथा विषयवस्तु” लाई दर्साउँछ । उदाहरणका रूपमा तह १ ले प्रवेशतहको सिप प्रमाणपत्र, तह २ ले आधारभूत सिप

प्रमाणपत्र बराबर र तह ३ ले राष्ट्रिय सिप प्रमाणपत्र सरह जनाउँछ । NVQ तह ४ ले राष्ट्रिय प्राविधिक प्रमाणपत्र र तह ५ ले राष्ट्रिय डिप्लोमा तह भन्ने जनाउँछ । त्यसै गरी स्नातक तह (प्राविधिक) र स्नातकोत्तर तह (प्राविधिक) योग्यताहरू क्रमश: तह ६ र ७ का हुन् भने विद्यावारिधिलाई तह ८ का रूपमा वर्गीकरण गरिएको छ । प्रारूपमा उल्लेख भएका तहगत दक्षता तथा दक्षताको व्याख्याका आधारमा व्यक्तिले हासिल गरेका ज्ञान, सिप र अभिवृत्तिको परीक्षण तथा प्रमाणीकरणका आधारमा योग्यता निर्धारण गरिन्छ ।

तल प्रस्तुत संरचनाले व्यावसायिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूपलाई थप विस्तृतीकरण गरेको छ:




*चित्र ४: व्यावसायिक शिक्षा राष्ट्रिय योग्यता प्रारूपको थप विस्तृतीकरण*




*चित्र ५: व्यावसायिक शिक्षा राष्ट्रिय योग्यता प्रारूपको थप विस्तृतीकरण*

## २.३ विद्यमान कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता गरेको छ । सबै नागरिकलाई अनिवार्य तथा आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षाको हक प्रदान गरिएको छ । यी संवैधानिक प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितताका लागि विभिन्न माध्यमबाट साधारण तथा प्राविधिक धारका शैक्षिक कार्यक्रमहरूको व्यवस्था अपरिहार्य रहेको छ।

त्यसैगरी राष्ट्रिय शिक्षा नीति २०७६ ले औपचारिक, अनौपचारिक र अरितिक शिक्षाबिच अन्तर सम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने नीति लिएको छ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास र कार्यान्वयन जरुरी देखिन्छ ।

नेपाल सरकारको नीतिगत निर्णयअनुसार राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस ढाँचाले साधारण तथा व्यावसायिक शिक्षा दुवै धारको शैक्षिक योग्यताहरूको तहगत व्यवस्था, पारगम्यता तथा गतिशीलताको संरचना स्वीकृत गरेको सन्दर्भमा व्यावसायिक तथा प्राविधिक योग्यता प्रारूपको विकास तथा कार्यान्वयन पक्ष अपरिहार्य हुन आएको छ ।

उपर्युक्त कानुनी तथा नीतिगत व्यवस्थाका आधारमा यस खण्डमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको व्यवस्थालाई थप व्यवस्थित गरी सहजीकरण गर्न यो विस्तृतीकरण दस्तावेज तयार भएको छ ।

## २.४ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको उद्देश्य

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप विकास तथा कार्यान्वयनका मूलभूत उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

(क) तहगत शैक्षिक योग्यताअनुसारको दक्षता हासिल हुने गरी शैक्षिक कार्यक्रम, दक्षताको परीक्षण तथा मूल्याङ्कनका मापदण्डको विकास तथा दक्षता परीक्षण र प्रमाणीकरण प्रक्रियामा मार्गदर्शन गर्नु,

(ख) विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका योग्यताको तुलना गर्नु, क्रेडिट सञ्चय र सारण गर्न र विदेशी विश्वविद्यालयहरूबाट हासिल भएका शैक्षिक योग्यताहरूको समकक्षता निर्धारण गर्ने आधार प्रदान गर्नु,

(ग) व्यक्तिले विभिन्न क्रियाकलापहरूमा सहभागिता हुँदा जस्तैः शैक्षिक, पेसागत, प्राविधिक, कार्यस्थलमा आधारित सिकाइ, एप्रिन्टिसिप तालिम, स्थलगत अध्ययन, औद्योगिक संलग्नताका तालिम, अभ्यासमा आधारित काम आदिमा औपचारिक, अनौपचारिक, अरीतिक जस्ता सिकाइका माध्यमबाट हासिल भएका पूर्व सिकाइका मान्यता (Recognition of Prior Learning–RPL) जस्ता विभिन्न योग्यताहरूको सिप परीक्षण तथा प्रमाणीकरण गरी उपाधि प्रदान गर्नु,

(घ) नेपालमा सञ्चालन हुने सबै प्रकारका व्यावसायिक तालिम तथा प्राविधिक शिक्षाका पाठ्यक्रम, राष्ट्रिय दक्षता प्रमाणिका, मोड्युलर कोर्स, मूल्याङ्कन मापदण्ड र पाठ्य साधन तयार गर्न प्राविधिक कार्य ढाँचा प्रदान गर्नु ।

## २.५ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको तहगत व्याख्या (Level Descriptors)

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले व्यवस्था गरेको तहगत व्याख्या देहायबमोजिम रहेको छः

| योग्यताको तह | तहगत व्याख्या **(Level Descriptor)** |
|---|---|
| **तह १** | • आधारभूत ज्ञान, सामाजिक सिप र सामान्य कार्य गर्न चाहिने आधारभूत सिप भएको<br>• परीक्षार्थीहरूले पर्यवेक्षकको पूर्ण अधीनमा रही उसको पर्यवेक्षणमा सामान्य कार्य गर्न सक्ने । |
| **तह २** | • आफ्नो कामका बारेमा निश्चित ज्ञान भएको<br>• न्यूनतम प्रयोगात्मक सिप भएको<br>• सामान्य नीति नियम र औजारहरूको प्रयोग गरी भैपरी आउने समस्या समाधान गर्न सक्ने<br>• पर्यवेक्षकको निर्देशन अनुरूप चल्न र कार्य गर्न सक्ने । |
| **तह ३** | • आफ्नो कार्यसम्बन्धी सामान्य ज्ञान तथा अवधारणबारेमा जानकार भएको<br>• सामान्य औजार तथा साधन र प्रविधिको प्रयोग गरी समस्याको समाधान गर्न सक्ने<br>• केही हदसम्म स्वतन्त्र रूपले कार्य गर्ने सोच भएको<br>• दिइएको अवस्थाका चुनौतीहरूको सामना गर्न सक्ने क्षमता भएको । |

| | |
|---|---|
| **तह ४** | • सम्बन्धित कार्यक्षेत्रको गहिरो सैद्धान्तिक ज्ञान भएको<br>• कार्य क्षेत्रमा उत्पन्न हुन सक्ने समस्याको पहिचान र समाधान गर्न सक्ने सिप भएको<br>• दिइएको तथा नियमित कार्य स्वतन्त्ररूपमा गर्न सक्ने क्षमता भएको<br>• सामान्य कार्यहरूमा अरूलाई निर्देशन दिन सक्ने क्षमता भएको । |
| **तह ५** | • विशिष्ट सैद्धान्तिक र वास्तविक ज्ञान सिपले युक्त<br>• कार्यक्षेत्रमा अरूलाई निर्देशन प्रदान गर्न सक्ने<br>• तल्लो तहको कर्मचारीको कार्य मूल्याङ्कन गर्न सक्ने<br>• अमूर्त समस्या समाधान गर्न रचनात्मक कुशलता प्रदर्शन गर्न सक्षम<br>• छनौटमा परेका परियोजनाहरू स्वतन्त्र रूपले सञ्चालन, समन्वय र निर्देशन गर्ने क्षमता भएको<br>• अप्रत्याशित अवस्थाहरूको गम्भीर रूपले समाधान गर्न सक्षम<br>• कार्य क्षेत्रसँग सम्बन्धित अन्य सरोकारवालासँग समन्वय गर्न सक्ने । |
| **तह ६** | • सम्बन्धित कार्यक्षेत्रमा उच्च स्तरको सैद्धान्तिक ज्ञान भएको<br>• आफ्नो क्षेत्रको आलोचनात्मक तवरले विश्लेषण गर्न सक्ने सुझबुझ भएको<br>• निर्दिष्ट कार्यको पूर्ण जिम्मेवारी लिन सक्ने क्षमता भएको<br>• उद्यमशीलता एवम परियोजनाको जटिलतालाई बुझ्न सक्ने क्षमता भएको<br>• आफू मातहतका जनशक्तिहरूलाई प्रभावकारी रूपमा प्रबन्ध गर्न सक्षम । |
| **तह ७** | • उच्चस्तरको विशिष्ट ज्ञान भएको<br>• विश्लेषणात्मक ज्ञानले भरपुर भएको<br>• अनुसन्धानात्मक सोच भएको र अनुसन्धानमा सक्रिय हुन सक्ने<br>• अन्य क्षेत्रको ज्ञानसँग समन्वय गर्न सक्ने क्षमता भएको<br>• समस्या समाधानको विशिष्ट शैली अवलम्बन गर्न सक्षम<br>• नवप्रवर्तन तथा उद्यमशीलता प्रवर्धन गर्न सक्ने<br>• जटिल कार्ययोजनाको सहज सम्पादन गर्न सक्षम<br>• स्वतन्त्र रूपले निर्णय लिन सक्ने क्षमता भएको<br>• अनुगमन तथा उचित निर्देशन प्रदान गर्न सक्ने |

| | |
|---|---|
| | • कार्य क्षेत्रसँग सम्बन्धित रणनीतिहरूको कार्यान्वयन गर्ने दक्षता भएको । |
| **तह ८** | • उच्चस्तरको कार्य क्षेत्रको ज्ञान भएको<br>• अनुसन्धान र नवप्रवर्तनको माध्यमबाट विभिन्न विषयहरूको समन्वयात्मक भूमिका निर्वाह गर्न सक्षम<br>• जटिल समस्या समाधानको सिप भएको र उक्त सिप प्रयोग गरी समस्या समाधान गर्न सक्ने<br>• कार्यान्वयनमा रहेको व्यावसायिकतालाई पूर्ण परिभाषित गर्ने क्षमता भएको<br>• कम्पनीको उत्पादन र अवस्थाको अनुसन्धान गर्न सक्ने<br>• उद्यमशीलतामार्फत व्यवसाय, रोजगारी तथा शिक्षार्थीका बारेमा निर्णय लिन सक्ने<br>• मातहतका व्यक्तिहरूलाई थप क्षमता विकासका लागि योगदान दिने क्षमता भएको । |

माथिको तहगत व्याख्याअनुसार शैक्षिक योग्यताहरूलाई व्यवस्थित गरिएको छ । यसरी व्यवस्थापन गर्दा देहायका पक्षहरूलाई ध्यान दिइएको छ:

(क) **दक्षता तथा सिकाइ उपलब्धि (Competency and Learning Outcomes):** योग्यताहरूलाई दक्षता तथा सिकाइ उपलब्धिका रूपमा अभिव्यक्त गरिएका छन् । शैक्षिक योग्यताको तहअनुसार दक्षता तथा सिकाइ उपलब्धि तय गरिएका छन् । दक्षताहरूलाई ज्ञान, सिप, अभिवृत्ति र मूल्यहरूको आर्जन तथा तिनलाई प्रयोग गर्ने सामर्थ्यलाई परिभाषित गरिएको छ । यस्ता दक्षताहरूलाई शैक्षिक योग्यताको तहअनुसार आठ तहमा विभाजन गरिएका छन् । सिकाइ उपलब्धिले सिकाइ प्रक्रिया पूरा भएपछि व्यक्तिले के जान्दछ, के गर्न सक्दछ र के बुझ्न सक्दछ भनेर उसँग निहित ज्ञान, सिप र अभिवृत्तिका रूपमा वर्गीकरण तथा परिभाषित गर्दछ ।

(ख) **शैक्षिक योग्यताका तहहरू (Qualification Level):** NQF को आठओटा तहहरूले प्राथमिक तहदेखि उच्च शिक्षासम्मका योग्यताहरूलाई व्यवस्थित गरेको छ । प्रत्येक तहका लागि आवश्यक सिकाइ दक्षताहरूलाई ज्ञान, सिप र अभिवृत्ति (Knowledge, skills and attitudes) समूहमा विभक्त गरी व्यवस्थित गरिएको छ । साथै व्यावसायिक शिक्षा तथा तालिमको शैक्षिक योग्यताहरूलाई समेत राष्ट्रिय योग्यता प्रारूपमा समावेश गरी समकक्षी बनाइएको छ ।

(ग) **तहगत व्याख्या (Level Descriptors):** तहगत रूपमा हासिल गरिने दक्षताहरूलाई योग्यतासँग मेल खाने सिकाइ उपलब्धिका रूपमा व्याख्या गरिएको छ । यसलाई ज्ञान, सिप र अभिवृत्तिको गरी तिनलाई गुणात्मक र सङ्ख्यात्मक, सिकाइको स्तर तथा तह आदिका आधारमा परिभाषित एवम् वर्गीकरण गरिएको छ ।

सिकाइ उपलब्धिहरूले सिकारुले सम्बन्धित तहको शैक्षिक योग्यता हासिल गरेपछि के जान्नुपर्छ, के बुझ्नुपर्छ (what learner should know) र उनीहरूले के के गरेर देखाउन सक्नुपर्दछ (understand and can demonstrate) भनेर व्याख्या गरिएका विवरणहरू हुन् । यस्ता सिकाइ उपलब्धिहरूको प्राप्तिका विधिहरू औपचारिक शिक्षामा मात्र सीमित भने हुँदैनन् । औपचारिक, अनौपचारिक तथा अरीतिक जुनसुकै माध्यमबाट सिकेका सिकाइलाई पूर्व सिकाइको मान्यता प्रणाली (Recognition of Prior Learning) मार्फत् प्रमाणीकरण गरी सम्बन्धित शैक्षिक योग्यताको तहसँग सम्बन्धित दक्षतासँग आबद्ध गरी योग्यता हासिल गर्ने क्रममा समावेश गरिने व्यवस्थालाई समेत प्रारूपले सम्बोधन गरेको छ ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले विभिन्न योग्यताहरू र तिनीहरूका तहगत दक्षता तय गरेको छ । यसबाट शैक्षिक योग्यताहरूबिचको श्रेणीगत रूपमा दक्षतामा हुने भिन्नताहरू स्पष्ट हुन्छन् । यसबाट हाल कार्यान्वयनमा रहेका तथा भविष्यमा तय गरिने नयाँ शैक्षिक योग्यताहरूलाई संरचित गर्न सकिन्छ । यस्ता योग्यताहरू सिकाइ उपलब्धिका आधारमा विभक्त गरिएका छन् । राष्ट्रियरूपमा स्वीकृत दक्षता प्रमाणिकाअनुसार शैक्षिक योग्यता परिभाषित गरिएका छन् । दक्षतामा आधारित प्रमाणिकाअनुसारको योग्यताको स्तर वा तहगत व्यवस्थाका कारण व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शैक्षिक संस्था तथा प्रणालीबाट उत्पादित जनशक्तिलाई उद्योग/बजारको आवश्यकतासँग आबद्ध गर्न र श्रमबजारको जनशक्ति माग पूरा गर्न सकिने हुन्छ । NVQF ले कुनै व्यक्तिले हासिल गरेको शैक्षिक योग्यतालाई अन्य योग्यताबिच तुलना गर्ने अवसर प्रदान गर्छ । यसबाट व्यक्तिले कुनै एक योग्यता वा पेसाबाट अर्को तहको योग्यता वा पेसामा प्रवेश गर्न आवश्यक दक्षता तथा शैक्षिक योग्यताको विषयमा निर्णय लिन र पारगम्यता कायम गर्न सहयोग पुग्ने छ । यो व्यवस्थाका कारण व्यक्तिको शैक्षिक योग्यताहरू प्राप्त गरी कुनै एक व्यावसायिक उद्योगको क्षेत्रबाट अन्य उद्योगको क्षेत्रमा प्रवेश गर्न सक्ने वातावरण सिर्जना हुनेछ । राष्ट्रिय दक्षता प्रमाणिकाले कुनै पनि व्यक्तिले कुनै व्यावसायिक शिक्षाका विषयगत विधा वा क्षेत्रसँग सम्बन्धित व्यावसायिक योग्यताहरू प्राप्त गर्नका लागि के कस्ता

तहगत दक्षताहरू हासिल गर्नुपर्दछ भनेर निर्दिष्ट गर्दछ । निर्माण गरिएका दक्षता प्रमाणिकाहरू सही छन् भनी सुनिश्चित हुनका लागि सम्बन्धित उद्योग / पेसागत क्षेत्रका समिति/परिषद्हरूद्वारा पृष्ठपोषण प्राप्त गर्ने, अनुमोदन गर्ने तथा प्रमाणित गर्ने गरिन्छ ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपमा भएका सबै दक्षता प्रमाणिकाहरूलाई तीन प्रकारमा वर्गीकृत गरिएको छ । पहिलो, सबै क्षेत्रका लागि आधारभूत दक्षता (Basic Competencies) । दोस्रो, पेसा विशिष्टीकृत क्षेत्र सँग सम्बन्धित दक्षता (Sectoral Common Competencies) रहेको छ भने तेस्रो, कार्यगत/मुख्य/व्यावसायिक पेसासँग सम्बन्धित दक्षता (Functional/Core Competencies) रहेको छ । कुनै पनि पेसाको राष्ट्रिय दक्षता प्रमाणिका बनाउनका लागि दक्षताहरूलाई उपयुक्त ढङ्गले दक्षताका इकाइहरूमा मिलान गरिएको हुन्छ । त्यसैगरी सिकारुले सफलता प्राप्त गरेका दक्षताका इकाइहरूको उपलब्धिको अभिलेखहरू राखिन्छन् । जब योग्यताको तह र स्तरअनुसार तय भएका दक्षताहरू पूरा हुन्छन्, तब उक्त सिकारु सम्बन्धित पेसाको निर्दिष्ट तहको राष्ट्रिय प्रमाणपत्र/डिप्लोमा/डिग्रीहरू प्राप्त गर्न योग्य हुन्छन् । यस अवधारणाको खास विशेषता भनेको सिकारुले राष्ट्रिय योग्यताको दक्षता प्रमाणिका अनुसार बिस्तारै दक्षताहरू हासिल गरेको अवस्थामा उपल्लो तह र स्तरको शैक्षिक योग्यता तहमा अभिवृद्धि गर्न सक्छन् । यस प्रकारको व्यवस्थालाई आंशिक योग्यताको अवधारणाको रूपमा लिने गरिन्छ ।

राष्ट्रिय व्यावसायिक योग्यताको स्तरीकरणले सिकारुहरूलाई प्रवेश तह (Entry Level) का सिप प्रमाणपत्र (NVQ तह १) बाट तह ८ सम्म (जुन विद्यावारिधिको बराबर हुन्छ) सम्म तय भएका दक्षतामा स्तरोन्नतिका लागि मार्ग प्रशस्त गर्दछ । यही व्यवस्थालाई अनुसरण गरी हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रका शैक्षिक उपाधिसँग सम्बन्धित दक्षता प्रमाणिकाहरू तह १ (Entry Level) देखि तह ५ (National Diploma) सम्मका लागि तयार गरिएका छन् ।

राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपमा ज्ञान, सिप र अभिवृत्तिको स्तर र जटिलताका आधारमा तहहरू निर्धारण भएका हुन्छन् । तह १ सबैभन्दा कम जटिल र तह ८ सबैभन्दा बढी जटिल हुन्छ । सबैभन्दा तल्लो तहले प्राय: अरुको सुपरिवेक्षणमा प्रभावकारी रूपमा काम गर्न सक्ने आधारभूत, सामान्य वा व्यावसायिक सिपहरू हासिल गरेको व्यक्ति भन्ने परिभाषित गर्दछ । बिचका अन्य तहहरूले सामान्यतया स्वतन्त्र रूपमा काम गर्न सक्ने पेसाकर्मीहरूमा निहित आवश्यकताहरूका बारेमा परिभाषित गर्दछ । त्यसैगरी माथिल्ला तहहरूले कामदारको

विश्लेषण गर्ने तथा नवीनता र नयाँ ज्ञान सिर्जना गर्ने क्षमतामा जोड दिन्छ, जसमा मानवीय स्रोत तथा कार्य प्रक्रियाहरूको नेतृत्व तथा व्यवस्थापन गर्न सक्ने दक्षता समावेश हुन्छन् । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपमा यो पनि अपेक्षा गरिएको हुन्छ कि प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रका उच्च तहहरूमा पनि शैक्षिक योग्यताका कार्यक्रमहरू सञ्चालन गर्ने र उच्च तहसम्म सिकाइ गर्ने अवसर प्रदान गर्ने उद्देश्य परिपूर्ति हुने छ ।

## २.६ राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) को महत्व

माथि उल्लिखित समग्र परिप्रेक्ष्यमा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) ले मुख्यतया निम्न चारओटा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रहरूमा योगदान पुऱ्याउने छ:

१. योग्यता प्रणालीको विकास र शिक्षा तथा तालिमका लागि व्यवस्थित पद्धति विकास गर्न;
२. सिकारुलाई पेसागत परामर्श तथा रोजगारीका क्षेत्रहरूमा व्यवस्थापन र सरोकारवाला व्यक्ति तथा निकायहरूलाई आवश्यक सूचना प्रदान र अभिमुखीकरण गर्न;
३. नियमन, कानुन र संस्थागत व्यवस्थाका साथै सरोकारवाला वा निकायहरूको जिम्मेवारीहरू परिभाषित गर्न;
४. गुणस्तर सुनिश्चितता र प्रमाणिकाहरूको विकासका लागि सहयोग तथा क्रेडिट सञ्चयन, सिकाइ सारण (Credit Transfer), तुलनात्मकता र योग्यताहरूको तादम्यता जस्ता प्रणालीहरूमा सहयोग गर्न ।

## २.७ NVQF कार्यान्वयन सम्बन्धी संस्थागत संयन्त्र

व्यावसायिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका लागि निश्चित निकाय तथा संयन्त्रको विकास तथा परिचालन आवश्यक हुन्छ । हाल यससँग सम्बन्धित अलग कानुन तथा संरचनागत व्यवस्था नभएको अवस्थामा विद्यमान संरचनालाई नै सुदृढ गरी प्रारूप कार्यान्वयनमा लैजानु पर्ने हुन्छ । NVQF कार्यान्वयन सम्बन्धी संस्थागत संयन्त्र देहाय बमोजिम रहेका छन्:

### २.७.१ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयन गर्ने निकाय

नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम बहुसरोकारवालाको चासोको विषय हो । यसमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, CTEVT, शिक्षालयहरू, तालिम प्रदायक संस्थाहरू, रोजगारदाता र तिनका संघ सङ्गठनलगायतको प्रत्यक्ष सरोकार र सहकार्य आवश्यक हुन्छ । यसका अतिरिक्त विभिन्न विकास साझेदारहरूको पनि सहयोग अपेक्षित रहन्छ । त्यस्तै हाल नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका क्षेत्रमा गरिएका अहिलेसम्मका पहल र सञ्चालित कार्यक्रमहरूमा अझै पनि एकरूपता कायम गर्नुपर्ने अवस्था छ । यसका लागि NVQ कार्यान्वयनलाई एक साधनका रूपमा रहेको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि अधिकार सम्पन्न संस्थाहरू स्थापना हुनेछन् । अन्य देशहरूमा पनि यस प्रकारको अभ्यास रहेको पाइन्छ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य देशहरूमा NVQF को व्यवस्थापन र नियमन गर्नका लागि स्वतन्त्र निकायहरू कार्यरत छन् । उदाहरणका लागि श्रीलङ्कामा प्राविधिक तथा व्यावसायिक शिक्षा आयोग (TVEC), पाकिस्तानमा राष्ट्रिय व्यावसायिक तथा प्राविधिक शिक्षा आयोग (NAVTEC), भारतमा राष्ट्रिय कौशल विकास परिषद् (NSDC), भुटान योग्यता प्राधिकरण (BQA), मालदिभ्स योग्यता प्राधिकरण (MQA), अफगानिस्तान योग्यता प्राधिकरण (AQA) र बङ्गलादेशमा राष्ट्रिय कौशल विकास प्राधिकरण (NSDA) रहेका छन् । यी निकायहरूबाट नै राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन गर्ने गरिएको छ ।

नेपालको सन्दर्भमा पनि NVQ कार्यान्वयन गर्दा तह १ देखि तह ८ सम्मको व्यवस्था गर्नुपर्ने अवस्था छ । हाल विद्यमान संस्थागत संरचनाहरूको कार्य विवरण, कार्यादेश तथा संस्थागत संयन्त्रको अवस्था हेर्दा प्रारूप कार्यान्वयनका लागि पर्याप्त कार्यादेश तथा संस्थागत व्यवस्था भएको अवस्था छैन । तसर्थ यसका लागि कि त कानुनमार्फत् नै हालका संस्थाहरूलाई जिम्मेवारी थप गर्नुपर्छ वा नयाँ एक स्वतन्त्र र स्वायत्त राष्ट्रिय योग्यता निकाय/प्राधिकरण स्थापना गर्नुपर्ने अवस्था देखिन्छ । यद्यपि, नेपालमा अहिलेसम्म पनि कानुनी व्यवस्था नभई सकेको परिस्थितिमा CTEVT को वर्तमान कार्यक्षेत्रभित्र रही तह १ देखि तह ५ को कार्यान्वयनका लागि आवश्यक पूर्व तयारीका कामहरू जस्तै RPL, क्रेडिट सञ्चयन तथा सारण, राष्ट्रिय दक्षता प्रमाणिका, विधागत सिप समिति स्थापना तथा परिचालन आदि कार्यहरू अगाडि बढेका छन् । नयाँ कानुनी व्यवस्थापश्चात् यी कार्यहरूलाई समायोजन गर्नुपर्ने हुन्छ ।

### २.७.२ विधागत सिप समिति (Sector Skill Committee)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको लक्ष्य भनेकै दक्ष जनशक्तिको विकास गरी उच्च फराकिलो र दिगो आर्थिक विकासका लागि सम्मानित रोजगारीको अवसर सिर्जना गर्नु नै हो । यसबाट नै समग्र देशको आर्थिक अवस्थामा सुधार ल्याउन सकिने हुन्छ । यस परिप्रेक्ष्यमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका शैक्षिक कार्यक्रमहरूको विकास तथा सञ्चालनमा देशको अर्थतन्त्रका मेरुदण्डका रूपमा रहेका निजी क्षेत्रहरूको अपरिहार्य भूमिका रहन्छ । यही मान्यताका आधारमा निजी क्षेत्रहरूको अपनत्व, सहकार्य र सहलगानी वृद्धि गर्ने उद्देश्यले निजी क्षेत्रको अगुवाइमा विधागत सिप समिति / विधागत सिप परिषद् (SSC) जस्ता संयन्त्रको विकास गर्नुपर्दछ । यी समितिहरूलाई सम्बन्धित उद्योगका संघ (Industry Association) सँगको सहकार्यमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सक्रिय गराई उद्योगमा आवश्यक पर्ने दक्ष जनशक्ति विकास गर्नुपर्ने हुन्छ । यसो हुन सकेमा निजी क्षेत्रको सहकार्य तथा सहलगानीको वातावरण सिर्जना हुन जाने र श्रम बजारको आवश्यकता पनि पूरा हुने अवस्था सुनिश्चित हुन सक्छ ।

नेपालमा निजी क्षेत्रको अगुवाइमा गठन भएको SSC मा कम्तीमा ११ जनाको सदस्यहरू रहन्छन् । यसमा एक जना CTEVT/ NSTB बाट सदस्य सचिव रहन्छन् । बाँकी सबै निजी क्षेत्रबाट प्रतिनिधित्व हुने व्यवस्था छ । यसरी गठन भएका SSC ले सबैभन्दा पहिले सम्बन्धित उद्योग, व्यवसाय (Industry) भित्रका पेसा तथा पेसागत तहहरूको नक्साङ्कन (Sectoral Mapping) गर्ने, पेसाहरूको प्राथमिकीकरण गर्ने, दक्षता प्रमाणिका (National Competency Standard) बनाउने जस्ता कार्यहरू गर्छन् । यसरी बनेको दक्षता प्रमाणिकाहरूबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पाठ्यक्रमहरूको निर्माण भई श्रमबजारको मागअनुसारका जनशक्ति निर्माण हुने अवस्था रहन्छ । यिनै दक्षता प्रमाणिकाका आधारमा सक्षमता मूल्याङ्कन हुने र योग्यताहरूको प्रमाणीकरण हुने गर्दछ । यसरी दक्षता प्रमाणिका तयार गर्दा समितिले राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले तय गरेका तहगत शैक्षिक योग्यताको दक्षतालाई मूल आधार बनाउनु पर्ने हुन्छ । साथै उद्योग तथा व्यवसायका प्रतिनिधिहरूको संलग्नतामा तयार भएको प्रमाणिकाअनुसार प्रशिक्षित तथा प्रमाणित भएका व्यक्तिहरू उद्योग तथा व्यवसायका लागि दक्ष जनशक्तिको रूपमा परिचालित भई व्यवसायको उत्पादकत्व वृद्धि हुने अवस्था सिर्जना हुन्छ ।

नेपालमा हालसम्म ६ ओटा (कृषि, निर्माण, आतिथ्य सत्कार, अटोमोबाइल, सूचना प्रविधि र म्यानुफ्याक्चरिङ्ग) विधागत सिप समितिहरू गठन भई दक्षता प्रमाणिका

तथा दक्षता मूल्याङ्कन साधनहरूको निर्माणमा संलग्न भइरहेको अवस्था छ । यस्ता विधागत सिप समितिहरू अरु उद्योग, व्यवसाय (Industry Sector) मा पनि विस्तार गर्नुपर्ने अवस्था छ ।

### २.७.३ प्रमाणीकृत सिप परीक्षण केन्द्रहरू (Accredited Skills Assessment Centers)

वर्तमान अभ्यासमा दक्षतामा आधारित परीक्षण तथा प्रमाणीकरणका लागि सिप परीक्षण केन्द्रहरूको व्यवस्था रहेको छ । गुणस्तरीय सिप परीक्षणका लागि सिप परीक्षण केन्द्रहरूको भौतिक तथा मानवीय स्रोतको पर्याप्त व्यवस्थापन हुनुपर्छ । त्यसैगरी व्यावसायिक सिपअन्तर्गतका विशिष्टीकृत विधाअनुसार परीक्षणका लागि आवश्यक औजार, उपकरण तथा साधनहरूको उपलब्धता हुनुपर्दछ । कतिपय पेसामा सम्बन्धित उद्योग व्यवसायको कार्यशालामा नै सिप परीक्षण गर्नुपर्ने अवस्था रहन्छ । यसका साथै सिप परीक्षणमा कायम गरिने गुणस्तरले प्रमाणपत्रको मान्यता तथा दक्ष जनशक्तिको खपतमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । तसर्थ सिप परीक्षण केन्द्रहरूलाई गुणस्तर मापदण्डका आधारमा प्रमाणीकरण गरेर तिनै केन्द्रहरूमा सिप परीक्षण गर्नुपर्दछ ।

अहिलेको परिप्रेक्ष्यमा सिप परीक्षण केन्द्रहरू व्यवस्थित एवम् सवलीकरण भई नसकेको अवस्था छ । राष्ट्रिय सीप परीक्षण समितिले तोकेको तालिकाअनुसार वर्षमा ३ पटक परीक्षण गर्ने अभ्यास रहेको छ । यसका लागि सीमित साधन र स्रोत भएका निजी तालिम प्रदायक संस्थाहरूमा समेत सिप परीक्षण गराउनुपर्ने बाध्यता छ । यसरी सीमित समयमा मात्र सिप परीक्षण कार्यमा संलग्न हुनुपर्ने कारणले गर्दा कतिपय सिप परीक्षण केन्द्रहरूको दिगोपना कायम गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।

यस सन्दर्भमा गुणस्तरीय एवम् प्रभावकारी सिप परीक्षणका लागि सिप परीक्षण केन्द्रहरूको प्रमाणीकरण तथा स्तरीकरण गर्नुपर्ने अवस्था छ । सिप परीक्षण कार्यलाई वर्षभरि नै मागमा आधारित हुने गरी सुचारु गर्नुपर्ने छ । व्यक्तिहरूले चाहेको वेलामा आवेदन दिन सक्ने, परामर्श कार्यमा सहभागी हुन सक्ने प्रावधान र न्यूनतम सङ्ख्या पुगेपछि सिप परीक्षण गर्ने व्यवस्था भएमा समयमै सिप परीक्षण तथा प्रमाणीकरण हुने अवस्था रहन्छ । यसबाट व्यक्तिहरूमा सिप परीक्षणमा स्व: स्फूर्त रूपमा सहभागी हुने उत्साह बढ्छ । यसो गर्नाले एकातिर प्रमाणीकृत सिप परीक्षण केन्द्रहरूले पनि वर्षभरि नै सिप परीक्षणसँग सम्बन्धित कार्यहरू जस्तै: आवेदन सङ्कलन, परामर्श कार्य, सिप परीक्षण कार्य, सेतु पाठ्यांश आदि सञ्चालन गरी व्यावसायिक रूपमा दिगोपना ल्याउन सक्दछन् भने अर्कोतिर सिप प्रमाणपत्र चाहने व्यक्तिहरू पनि तालिका पर्खेर बस्नुको

सट्टामा आफूले चाहेको बेलामा सिप परीक्षण गरी प्रमाणपत्र हासिल गर्न सक्दछन् । यसबाट उनीहरूले उच्च तहको सिप विकासका शैक्षिक कार्यक्रममा निरन्तरता प्रदान गर्न तथा श्रमबजारमा प्रवेश गरी रोजगारीमा सक्रिय हुने अवस्था सिर्जना हुन सक्छ ।

सिप परीक्षण तथा प्रमाणीकरणलाई व्यवस्थित गर्ने उद्देश्यबाट हालसम्म नेपालमा ७ वटै प्रदेशका ६१ वटा सिप परीक्षण केन्द्रहरू प्रमाणीकृत गरिएको छ । प्रारूपले व्यवस्था गरेका तह १ देखि ४ तहका सिप परीक्षणहरू यिनै केन्द्रहरूबाट गर्नुपर्ने व्यवस्था गरिएको छ । सिप परीक्षण केन्द्रहरूमा गरिने सिप परीक्षणको गुणस्तर र पारदर्शिता कायम गर्न विभिन्न उपायहरू अपनाइएको छ । जस्तैः सी· सी· क्यामेराहरू जडान, औजार तथा उपकरणको स्तरोन्नति, मूल्याङ्कनकर्ता र परामर्शकर्ता (RPL Counsellor) को तालिम र पेसागत विकास तथा अनुगमन र सुधार जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

## २.८ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसम्बन्धी निर्देशिका र कार्यविधिहरू

राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयनलाई थप सहज बनाउन विभिन्न प्रक्रियागत, मापदण्ड तथा अन्य निर्देशिकाहरू विकास हुने क्रम जारी रहेको अवस्था छ । हालसम्म विकास भई कार्यान्वयनमा रहेका निर्देशिका तथा कार्यविधिहरू देहायबमोजिम रहेका छन्ः

### २.८.१ राष्ट्रिय दक्षता प्रमाणिका (National Competency Standards)

राष्ट्रिय दक्षता प्रमाणिकाले पेसागत तहअनुसार व्यक्तिहरूले सम्बन्धित पेसामा गर्नुपर्ने कार्यहरू र त्यस कार्यलाई सम्पन्न गर्न उसले प्रदर्शन गर्नुपर्ने सिप, ज्ञान तथा अभिवृत्तिका मापदण्डहरू तय गरेको छ । यस्ता प्रमाणिकाहरू विधागत सिप समितिद्वारा तोकिएको सम्बन्धित उद्योग एवम् व्यवसायका विज्ञहरूको समूहले तयार पार्छन् । यसरी तयार पारिएका दक्षता प्रमाणिकाहरू उद्योग एवम् व्यवसायमा हुने वास्तविक कार्य अनुरूप तय हुन्छन् । यसका कारण व्यक्तिहरूको वास्तविक कार्यक्षेत्रमा काम गर्ने दक्षताको पहिचान एवम् प्रमाणीकरण गर्न मद्दत पुगेको छ ।

राष्ट्रिय दक्षता प्रमाणिका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको समग्र प्रणालीको केन्द्र विन्दुमा रहेको छ । यही प्रमाणिकाका आधारमा TVET का शिक्षा

तथा तालिम कार्यक्रमका पाठ्यक्रमहरू विकास हुने गरेका छन् । साथै यही प्रमाणिकाका आधारमा दक्षता मूल्याङ्कन साधनहरूको निर्माण गरी दक्षता परीक्षण गर्ने गरिन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको सफल कार्यान्वयनका लागि यस्ता दक्षता प्रमाणिकाहरूको बढीभन्दा बढी निर्माण गरी समयानुकूल परिमार्जन गर्नुपर्ने हुन्छ । यसरी विकसित प्रमाणिकाहरूलाई व्यवस्थित एवम् सुरक्षित रूपमा अभिलेखीकरण गरी संस्थागत गर्नुपर्छ । साथै यस्ता प्रमाणिकाहरूको निर्माण कार्यका लागि विधागत सिप समिति / विधागत सिप परिषद्मार्फत् विज्ञहरूको परिचालन गरी निर्माण गर्ने, राष्ट्रिय सिप परीक्षण समितिबाट यसको गुणस्तर सुनिश्चितता गरी अन्तिम स्वरूप प्रदान गर्ने र राष्ट्रिय सिप परीक्षण बोर्डबाट यसको प्रमाणीकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

### २.८.२ दक्षतामा आधारित पाठ्यक्रम (Competency Based Curriculum)

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको मूल मर्म भने कै रोजगार बजारका मागहरूको प्रत्यक्ष सम्बोधन गर्नु हो । तसर्थ उद्योग तथा व्यवसायमा आवश्यक पर्ने जनशक्ति विकासका लागि शिक्षा तथा तालिम कार्यक्रमहरू सोही अनुरूप तयार गर्नुपर्छ। यस कार्यका लागि दक्षतामा आधारित पाठ्यक्रमहरूको निर्माणमा जोड दिनुपर्ने हुन्छ । यसरी पाठ्यक्रमको निर्माण गर्दा राष्ट्रिय दक्षता प्रमाणिका (NCS) लाई आधार मान्नुपर्छ। सिप प्रमाणिकाका दक्षता प्रमाणिकामा प्रदर्शन मापदण्डहरू, त्यसका लागि आवश्यक प्राविधिक तथा गणितीय ज्ञान, कार्य सम्पन्न गर्न आवश्यक औजार, उपकरण तथा साधनहरूका बारेमा उल्लेख गरिएको हुन्छ । यसले व्यक्तिहरूमा पेसागत तह अनुसार के के कुराहरू प्राविधिक ज्ञान हासिल गर्नुपर्ने, कस्ता कस्ता सिप प्रदर्शन गर्न सक्नुपर्ने र कार्यस्थलमा असल कार्य वातावरणका लागि अपनाउनुपर्ने कार्य व्यवहारका बारेमा जानकारी प्रदान गरिएको हुन्छ । त्यसैले यी सबै पक्षहरू समेटेर तयार पारिएको पाठ्यसाधनले उद्योग एवम् व्यवसायमा आवश्यक पर्ने गुणस्तरीय एवम् दक्ष जनशक्ति उत्पादन र आपूर्तिमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

### २.८.३ दक्षता मूल्याङ्कन साधन (Competency Assessment Tools)

एउटा व्यक्ति दक्ष हुनका लागि उसमा सम्बन्धित पेसामा तहअनुसारको कार्य गर्न सक्ने सिप, ज्ञान तथा अभिवृत्ति हुनु पर्दछ । यस्तो दक्षताको मूल्याङ्कन गर्नका लागि विश्वसनीय (Reliable), वैधानिक (Valid) र सान्दर्भिक (Relevant) दक्षता मूल्याङ्कनका साधनहरूको आवश्यकता पर्छ । राष्ट्रिय दक्षता प्रमाणिकामा उल्लिखित

प्रदर्शन मापदण्डअनुसार मूल्याङ्कन साधनहरू (लिखित, मौखिक, प्रयोगात्मक लगायत अप्रत्यक्ष प्रमाणहरू) तयार गर्नुपर्छ । यस्ता दक्षता मूल्याङ्कन साधनहरूको निर्माणमा पनि विधागत सिप समितिद्वारा परिचालित उद्योग एवम् व्यवसायका विज्ञहरू समावेश हुने गर्दछन् । यसरी तयार गरिएको मूल्याङ्कन साधनहरूको Relevancy, Validity र Reliability परीक्षण गरेर राष्ट्रिय सिप परीक्षण समितिबाट त्यसलाई अन्तिम रूप दिइनुपर्छ । साथै मूल्याङ्कन साधनका बारेमा परीक्षण तथा प्रमाणीकरण समिति तथा तालिम प्रदायक शिक्षालय र प्रतिष्ठानहरूलाई समयमै प्रबोधीकरण गरी यसको प्रभावकारी उपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ ।

### २.८.४ प्रक्रियागत मार्गदर्शनहरू (Process Guides)

राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका लागि आवश्यक विभिन्न कार्यहरू सम्पादनलाई व्यवस्थित गर्न प्रक्रियागत मार्गदर्शनहरू तय भएका छन् । यी मार्गदर्शनहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, व्यावसायिक राष्ट्रिय योग्यता प्रारूपअनुसारका तहगत शैक्षिक योग्यता तथा सिप विकाससम्बन्धी दक्षता निर्धारण, सिप प्रमाणीकरण, दक्षता मूल्याङ्कन तथा प्रमाणीकरण एवम् प्रशिक्षार्थीलाई आवश्यक परामर्श सेवा प्रदान गरी प्रारूपको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्ने छन् । हालसम्म विकसित प्रक्रियागत मार्गदर्शनहरू देहायबमोजिम रहेका छन्:

- दक्षता निर्माणका लागि प्रक्रियागत मार्गदर्शन
- दक्षता मूल्याङ्कन निर्माण साधन विकास सम्बन्धी प्रक्रियागत मार्गदर्शन
- दक्षता मूल्याङ्कन सम्बन्धी प्रक्रियागत मार्गदर्शन
- प्रशिक्षार्थी परामर्श सेवा प्रदानसम्बन्धी प्रक्रियागत मार्गदर्शन
- दक्षता प्रमाणीकरणसम्बन्धी प्रक्रियागत मार्गदर्शन

## २.९ दक्षता परीक्षण तथा मूल्याङ्कन प्रणाली (Competency Assessment and Evaluation System)

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको संरचनामा योग्यता मूल्याङ्कन (QA र QA+) ले व्यक्तिको तहगत योग्यताअनुसारको दक्षता निर्धारण गर्ने प्रक्रियालाई जनाउँछ । यसकै आधारमा राष्ट्रिय व्यावसायिक योग्यता तह (NVQ) प्रदान गरिन्छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसारको यस व्यवस्थाका कारण विद्यार्थी र कामदारहरूले उच्च शिक्षामा भर्ना हुनुका साथै राम्रो रोजगारी प्राप्त गरी लाभ लिन सक्दछन् ।

योग्यता प्रारूपमा योग्यता मूल्याङ्कन (QA) र योग्यता मूल्याङ्कन थप (QA+) को अवधारणाको अवलम्बन गरिएको छ । यदि अनौपचारिक वा अरीतिक क्षेत्रका व्यक्तिले औपचारिक क्षेत्रको साधारण शिक्षा (NQ तह १ देखि तह ४ सम्म) को राष्ट्रिय योग्यता (NQ) प्राप्त गर्न चाहन्छन् भने उनीहरूको पूर्व सिकाइको मान्यता (RPL) अनुसार मूल्याङ्कन गरिनुपर्छ । त्यसैगरी यदि अनौपचारिक/अरीतिक क्षेत्रका व्यक्तिहरू औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) को संरचना (NVQ तह १ देखि तह ४ सम्म) मा प्रवेश गर्न चाहन्छन् भने TVET क्षेत्रका लागि QA+ को अवधारणाअनुसारको पथ अवलम्बन गर्नुपर्छ । यसले साधारण र प्राविधिक र व्यावसायिक शिक्षा बिचको सन्तुलनलाई लचिलो, धारणयोग्य र स्थानान्तरण योग्य बनाउँछ ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपअनुसारका योग्यता परीक्षणका लागि मूल्याङ्कन प्रणाली वैध (Valid), भरपर्दो (Reliable), निष्पक्ष (Impartial) र लचिलो (Flexible) हुनुपर्दछ । योग्यता परीक्षण गर्दा प्रारूपले तय गरेको शैक्षिक योग्यताको तहगत दक्षताका आधारमा विकसित राष्ट्रिय दक्षता प्रमाणिकामा उल्लेख गरिएका ज्ञान, सिप र अभिवृत्तिअनुसार सिकाइ उपलब्धिहरूलाई सही रूपमा मापन गर्नुपर्छ । मूल्याङ्कन प्रणालीलाई भरपर्दो बनाउनका लागि मूल्याङ्कनकर्ताहरूको व्यवस्थापन गर्नुपर्छ । त्यसैगरी मूल्याङ्कनकर्ताहरूलाई सक्षम बनाउन आवश्यक हुन्छ । मूल्याङ्कनकर्ताहरूबिचको नतिजामा एकरूपता आउने अवस्था वा वातावरण सिर्जना गर्नुपर्छ । यसको अर्थ दुई वा दुईभन्दा बढी मूल्याङ्कनकर्ताहरूले एउटै प्रमाणको आधारमा समान नतिजा स्कोर प्रदान गर्न सक्नुपर्छ । साथै मूल्याङ्कन प्रणाली निष्पक्ष हुनुपर्छ । मूल्याङ्कन प्रणालीको पारदर्शितालाई कायम राख्न आवश्यक व्यवस्था गरिनुपर्छ । मूल्याङ्कनमा लचिलोपन ल्याउन मूल्याङ्कन प्रक्रियामा उचित समायोजन गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिको मूल्याङ्कनका लागि विशेष लचकता अपनाई मूल्याङ्कन प्रक्रियालाई अनुकूलन गर्नुपर्छ ।

माथि उल्लिखित मूल्याङ्कन प्रणालीका विशेषताका आधारमा NVQF अनुसार योग्यता मूल्याङ्कनका लागि दुई प्रकारका परीक्षण तथा मूल्याङ्कन विधिहरू अवलम्बन गर्नुपर्छ । पहिलो, निर्माणात्मक मूल्याङ्कन (Formative Assessment) र दोस्रो, निर्णयात्मक मूल्याङ्कन (Summative Assessment) । दुवै मूल्याङ्कन प्रक्रिया गर्दा देहायबमोजिमका कुरामा ध्यान दिनु पर्दछः

**निर्माणात्मक मूल्याङ्कन** (Formative Assessment) निरन्तर भइरहने मूल्याङ्कन हो । यस मूल्याङ्कन विधिमा व्यक्तिहरूले शिक्षा तथा तालिमका निश्चित समयावधिमा

सिकेका सिप तथा ज्ञान र प्रदर्शित अभिवृत्तिका पक्षहरूलाई समेटेर सो अवधिभरमा सिकाइसँग सम्बन्धित प्रमाणहरूको सङ्कलन गर्नुपर्छ । यस विधिमा प्रत्येक व्यक्तिको कार्यसञ्चयिका (Portfolio) तयार गर्नुपर्छ । कार्यसञ्चयिकामा भएका प्रमाणहरूलाई मूल्याङ्कन प्रक्रियामा समावेश गर्नुपर्छ । यी प्रमाणहरूको निश्चित अवधिमा मूल्याङ्कनकर्ताद्वारा मूल्याङ्कन गर्नुपर्दछ ।

**निर्णयात्मक मूल्याङ्कन** (Summative Assessment) ले दक्षताको कुनै इकाइ वा पूर्ण दक्षताका लागि गरिने मूल्याङ्कनलाई जनाउँछ । मूल्याङ्कनकर्ताले निर्णयात्मक मूल्याङ्कन गर्दा निम्न बुँदाहरूलाई ध्यान दिनुपर्दछ:

- निर्माणात्मक मूल्याङ्कनमार्फत् अभिलेखन गरिएको प्रमाण (Learners portfolio)
- औपचारिक परीक्षणमा प्रदर्शन गरिएको निर्णयात्मक मूल्याङ्कन नतिजा

माथि उल्लेख गरिएको दुवैको संयोजन NVQ अनुसार योग्यता मूल्याङ्कन (QA) गर्दा, राष्ट्रिय दक्षता प्रमाणिकामा उल्लेख भएको मूल्याङ्कन मापदण्डको आधारमा गर्नुपर्छ ।

## २.१० पारगम्यता (Permeability)

पारगम्यताले शिक्षा तथा तालिमको क्षेत्रमा सिकारुले सिकाइको कुनै एक धारको शैक्षिक योग्यताको तहबाट अर्को धारको शैक्षिक योग्यताको तहबिच स्थानान्तरण गर्ने वा हुन सक्ने अवस्थालाई बुझाउँछ । स्वीकृत राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपमा साधारण शिक्षा र प्राविधिक शिक्षा (TVET) का सिकारुका लागि विभिन्न सिकाइपथहरू तय गरिएका छन् । यसबाट TVET र साधारण शिक्षाका बिचमा सहज रूपमा स्थानान्तरण हुन सक्ने व्यवस्था सुनिश्चित हुन गएको छ ।

शैक्षिक योग्यताका तह तथा श्रम बजारको मागअनुसारको सिपयुक्त जनशक्ति विकासका लागि सिपको स्तर वृद्धिका अवसरहरूमा सहज प्रवेश हुन सक्ने गरी गतिशीलतासमेत कायम गरिएको छ । सिकारु एकै तहको विभिन्न विधामा वा एक धारको शिक्षाबाट अर्को धारको शिक्षामा सहज प्रवेश पाउन सक्ने गरी पारगम्यताका मार्गहरू खुला गरिएका छन् । साथै एउटै धारमा पनि धेरैओटा प्रवेश तथा निकास बिन्दुहरूको (Transition points) व्यवस्था गरिएको छ । उदाहरणका लागि हाल सिटिइभिटीका प्रिडिप्लोमा तहका कार्यक्रमहरू १८ महिने छन् र सोही विषयका डिप्लोमा कार्यक्रमहरू ३६ महिने छन् । प्रिडिप्लोमा गरेका विद्यार्थीहरू डिप्लोमा भर्ना

हुँदा ३६ महिना नै पढ्नु पर्ने बाध्यता छ र विद्यार्थीहरूले तोकिएको समयावधिभित्र त्यो कोर्स पूरा गर्नैपर्ने अवस्था छ ।

तर पारगम्यताको प्रावधानले अब प्रि-डिप्लोमाबाट सोही विषयका डिप्लोमा कार्यक्रमहरूमा जानका लागि प्रि-डिप्लोमा कार्यक्रममा पढेका र हासिल गरेका सिपमा तय गरिएको क्रेडिट सञ्चयन गरी स्थानान्तरण हुने व्यवस्था गरिएको छ । यसबाट उनीहरूले डिप्लोमा कार्यक्रममा प्रि-डिप्लोमा पढिसकेका विषयवस्तु पुन: पढ्नुपर्ने अवस्था रहँदैन । साथै उनीहरू प्रि-डिप्लोमा वा डिप्लोमाका सेमेस्टरहरू सकेपछि रोजगारीमा जान र आफ्नो अनुकूलतामा फेरि ती कार्यक्रमहरूमा जोडिन सक्ने प्रावधान रहन्छ । यसरी व्यक्तिहरूले प्रत्येक सेमेस्टरको अध्ययनपश्चात् या त दक्षता परीक्षण गरी निश्चित योग्यताको प्रमाणपत्र या पुरै प्रि-डिप्लोमा वा डिप्लोमाको उपाधि हासिल गर्ने व्यवस्था कार्यान्वयन भई पारगम्यताको अवसर सुनिश्चित हुने छ ।

## २.११ क्रेडिट सञ्चयन तथा सारण प्रणाली (Credit Accumulation and Transfer)

क्रेडिट सञ्चयन (Credit Accumulation) तथा क्रेडिट सारण (Credit Transfer) प्रणालीको अवधारणाले व्यक्तिले जहाँसुकै, जुनसुकै माध्यमबाट सिकेको सिप तथा ज्ञान भए पनि त्यसलाई तोकिएको प्रमाणिकाअनुसार सञ्चालित परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा हासिल सफलताका आधारमा सञ्चय र सारण गर्छ । यसरी हासिल हुने सफलतालाई सिकाइका क्षेत्र वा दक्षता वा उपलब्धिका लागि तय गरिएको पाठ्यघण्टा (Credit Hour) गणना र दक्षताको अभिलेखको सञ्चय गर्नुपर्छ । यसरी सञ्चय भएको पाठ्यघण्टा उपल्लो तहको तह वृद्धि वा योग्यता वृद्धिका लागि सञ्चालित कार्यक्रममा उपयोग हुने व्यवस्था गरिन्छ । यस प्रकारको व्यवस्थाले व्यक्तिलाई निरन्तर रूपमा सिक्नका लागि थप प्रोत्साहन गर्छ । यो प्रावधान राष्ट्रिय योग्यता प्रणालीको आधार स्तम्भको रूपमा रहेको हुन्छ । यसरी हुने क्रेडिट सञ्चय र सारण प्राविधिक तथा व्यावसायिक शिक्षा, साधारण शिक्षा, अनौपचारिक र अरीतिक सिकाइबाट प्राप्त शैक्षिक योग्यताहरू सबैमा लागु हुन्छ । एकै शैक्षिक धारभित्र र अन्य शैक्षिक धारहरूमा पनि क्रेडिट स्थानान्तरण हुने व्यवस्था गरिएको हुन्छ । फलस्वरूप व्यक्तिलाई सिकाइ पथहरू तय गर्न, सिकाइ स्तर प्रमाणीकरण गर्न, उच्च तहको स्तर वृद्धि गर्न र उच्च तहको शैक्षिक योग्यता वृद्धिका कार्यक्रमहरूमा सहभागी हुन मदत पुग्छ ।

क्रेडिट सञ्चयन तथा सारण प्रणालीका लागि पहिला कुनै पनि शिक्षा वा तालिम कार्यक्रमको पाठ्यसमय वा सिकाइ घण्टाको निर्धारण गरिन्छ । यसरी निर्क्योल गरिएको

सिकाइ घण्टाका आधारमा त्यस कार्यक्रम वा पाठ्यक्रमको जम्मा क्रेडिट अङ्क निर्धारण हुन्छ । यसरी निर्धारण भएको क्रेडिटका आधारमा सिप परीक्षण तथा प्रमाणीकरण गरिन्छ । सञ्चालित परीक्षणको नतिजाका आधारमा तोकिएको प्रमाणिकाअनुसारको सिकाइ उपलब्धि हासिल गरेको अवस्थामा क्रेडिट सञ्चय हुने व्यवस्था हुन्छ । प्रत्येक तहका योग्यताका लागि तोकिएको क्रेडिट अङ्कमध्ये केही वा सबै अङ्कहरूलाई तोकिएको निर्देशिका/प्रमाणिका अनुसार क्रेडिट सञ्चयन तथा सारण गर्न सकिन्छ ।

इटिएफ कार्यपत्र, २०२१ तथा राष्ट्रिय तथा क्षेत्रीय योग्यता प्रारूपहरूलाई दृष्टिगत गर्दै राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप अनुरूप क्रेडिट सञ्चयन र सारणका लागि निम्न सात प्रमुख पक्षहरू ख्याल गर्नुपर्दछ:

१. सिकाइ पथहरूको सिर्जना गर्दा व्यक्तिलाई शिक्षा तथा तालिमको एकै धार वा अर्को धारमा प्रवेश गर्न सजिलो हुने गरी लचिलो बनाउने पक्ष ।
२. योग्यताहरूको परिकल्पना वा निर्माण गर्दा सिकाइ उपलब्धिको व्यवस्थापन र सिकाइ सञ्चिति व्यवस्थापनलाई व्यवस्थित गर्ने पक्ष । यसबाट सिकाइ सञ्चितिको (Credit banking) अवधारणालाई कार्यान्वयन गर्न र सिकाइ सारण (Credit transfer) गर्न सहज हुन्छ । यसले सिकाइ पथ निर्धारण तथा सिकाइ स्तर वृद्धि (Learning progression) निर्धारणका लागि थप सहजीकरण गर्छ ।
३. सिकाइ सञ्चिति प्रणालीले सिकाइ उपलब्धिहरूको सारण वा स्थानान्तरण तथा सिकाइ प्रगति (Learning progression) लाई संस्थागत गरी राष्ट्रिय सीमा बाहिर पनि सहज बनाउने पक्ष ।
४. क्रेडिट प्रणालीहरू स्पष्ट र पारदर्शी बनाई सिकाइको गुणस्तर सुनिश्चित गर्ने पक्ष ।
५. व्यक्तिले प्राप्त गरेको क्रेडिट, प्राप्त गरेको सिकाइउपलब्धि, त्यसको तह, क्रेडिट प्रदान गर्ने संस्थाको नाम र क्रेडिट भार पनि खुलाएर त्यसको व्यवस्थित अभिलेखीकरण गर्ने पक्ष ।
६. क्रेडिट सञ्चयन तथा सारण प्रणालीले अनौपचारिक र अरीतिक सिकाइको प्रमाणीकरण गरी योग्यता प्रदान गर्ने र सो योग्यतालाई प्रगति पथका लागि सामञ्जस्ययता ल्याउन सहजीकरण र प्रवर्धन गर्ने पक्ष ।
७. राष्ट्रिय र क्षेत्रीय स्तरमा सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गरी क्रेडिट प्रणालीको विकास र सुधार गर्ने पक्ष ।

सामान्यतया, क्रेडिट प्रणालीहरूले दुई तरिकाबाट क्रेडिटको मात्रा निर्धारण गरिन्छ । पहिलो, सिकाइको मात्राका आधारमा निर्धारण गरिन्छ । दोस्रो, सिकाइको स्तर (तह) का आधारमा गरिन्छ । क्रेडिट पद्धतिबाट विद्यार्थीहरूको योग्यताको स्थानान्तरण र गतिशीलतालाई सहज बनाउन सकिन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा प्रयोग गर्न सिफारिस गरिएको क्रेडिट प्रणालीले समष्टिगत रूपमा प्रत्येक तह र शैक्षिक योग्यताअनुसार सिकारु वा शिक्षण संस्थाले उपयोग गर्नुपर्ने सिकाइ घण्टा (Notional Learning Hours) लाई बुझाउँछ । यही सिकाइ घण्टाका आधारमा शैक्षिक योग्यताका तहअनुसार हासिल ज्ञान, सिप तथा अभिवृत्तिको मूल्याङ्कन गरिन्छ । सिकाइ घण्टाअन्तर्गत शिक्षक-प्रशिक्षकहरूसँग हुने प्रत्यक्ष सम्पर्क समय, प्रयोगात्मक अभ्यासका लागि बिताउनु पर्ने वा बिताएको समय (Time used for practical work), कार्य थलोमा आधारित सिकाइ समय (Work–based learning time) समावेश गरिएको हुन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपका लागि सिफारिस गरिएको पाठ्यांशको अनुपात १:२:४ हो । उदाहरणका लागि, १ क्रेडिटले १ घण्टा सम्पर्क सिकाइ, २ घण्टा प्रयोगात्मक अभ्यासमा आधारित सिकाइ र ४ घण्टा कार्यस्थलमा आधारित सिकाइलाई जनाउँछ । १० समष्टिगत सिकाइ घण्टालाई एक क्रेडिट बराबर मानिन्छ ।

## २.१२ दक्षता मूल्याङ्कनकर्ता (Competency Assessors)

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप अनुसारका तहगत योग्यता मूल्याङ्कनका लागि दक्ष मूल्याङ्कनकर्ताहरू आवश्यक पर्दछन् । यस्ता मूल्याङ्कनकर्ताहरूमा विषय सम्बन्धी राम्रो ज्ञान, राम्रो आचरण, निष्पक्ष तथा निष्ठावान् हुन जरुरी छ । उनीहरू मूल्याङ्कन गर्ने योग्यता तह भन्दा कम्तीमा १ तह माथि वा सो सरहको योग्यता हासिल गरेको हुनुपर्दछ । साथै तालिम प्राप्त हुनुपर्छ । उनीहरू राष्ट्रिय सिप परीक्षण समितिबाट मान्यता प्राप्त licensed/ registered) भएको हुनुपर्छ ।

मूल्याङ्कनकर्ताहरूको गुणस्तर सुनिश्चितताका लागि, व्यक्तिहरूको छनौट, तालिम, मूल्याङ्कन र प्रमाणीकरण गर्ने निर्देशिका तथा कार्यविधि तयार गर्नु पर्दछ । यसका साथै मूल्याङ्कनकर्ताहरूको अनुमति पत्र प्रणाली व्यवस्थित गरी दक्ष मूल्याङ्कनकर्ता परिचालन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ । मूल्याङ्कनकर्ताहरूको विकास, प्रमाणीकरण तथा परिचालनका सम्बन्धमा विधागत सिप समितिहरूको संलग्नता अनिवार्य हुन्छ ।

## २.१३ पूर्व सिकाइको मान्यता विधि (Recognition of Prior Learning–RPL)

व्यक्तिहरूले औपचारिक शिक्षा तथा तालिमभन्दा बाहिर, काम गरिरहेको कार्यस्थलमा, कसैले काम गरेको देखेर, आफैले अभ्यास गरेर वा कसैको निगरानीमा कुनै पेसासँग सम्बन्धित ज्ञान तथा सिप आर्जन गरेको हुन्छ । यसरी व्यक्तिहरूले अनौपचारिक तथा अरीतिक माध्यमबाट हासिल गरेको ज्ञान तथा सिपलाई राष्ट्रिय दक्षता प्रमाणिकाका आधारमा सिप परीक्षण गरी प्रमाणीकरण गर्ने कार्यलाई पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning–RPL) भनिन्छ । राष्ट्रिय योग्यता प्रारूपको एउटा महत्त्वपूर्ण विशेषता भनेको यसले पूर्व सिकाइको मान्यताको प्रावधान गरेको छ । यो नेपालको सन्दर्भमा अति नै महत्त्वपूर्ण रहेको छ । किनभने यसले नेपालमा औपचारिक शिक्षा र तालिममा सहभागी हुने अवसर नपाएका वा बिचमा नै पढाइ छाडी काम गर्नुपर्ने बाध्यता रहेका थुप्रै व्यक्तिहरूलाई कुनै पनि पेसामा उनीहरूमा भएको ज्ञान तथा सिपको परीक्षण गरी तहगत योग्यताको प्रमाणपत्र प्रदान गर्ने आधार तयार प्रदान गर्छ । यसबाट त्यस्ता व्यक्तिहरूले आफूले चाहेको माथिल्लो योग्यता वा पदमा जाने बाटो खुल्छ ।

पूर्व सिकाइको मान्यता विधिबाट सिप परीक्षण गरी योग्यताको प्रमाणपत्र दिन ३ वटा चरणहरू पार गर्नुपर्छ:

**परामर्श चरण:** पहिलो चरण परामर्श हो । पूर्व सिकाइको मान्यता लिन अनौपचारिक तथा अरितिक माध्यमबाट सिप तथा ज्ञान हासिल गरेका व्यक्तिहरू आउने भएकाले यस्ता व्यक्तिहरूलाई आफूसँग भएको सिप तथा ज्ञान कुन तहको छ भनेर थाहा नहुन सक्छ । थाहा भए पनि त्यस तहका लागि के के दक्षता आवश्यक पर्छ र त्यसलाई प्रमाणीकरण गर्न के गर्नुपर्छ भनेर यकिन नहुन सक्छ । यसका लागि व्यक्तिहरूलाई पहिला दक्षता परीक्षण गर्नुपूर्व परामर्श कार्य गर्न जरुरी हुन्छ । परामर्श कार्यका लागि व्यक्तिहरूले आवेदन गरेको तहको दक्षता प्रमाणिकाअनुसार उनीहरूको सिप तथा ज्ञान पुग अपुग के छ भनेर सम्परीक्षण गरिन्छ । त्यसका आधारमा सम्बन्धित तहको योग्यताको तयारीका लागि परामर्श प्रदान गरिन्छ ।

**सिप परीक्षण चरण:** परामर्श कार्यबाट सिफारिस भएको तहका लागि दोस्रो चरणमा सिप परीक्षण गर्ने कार्य गरिन्छ । यसका लागि व्यक्तिले तोकिएको सिप परीक्षण केन्द्रमा मूल्याङ्कनकर्ताद्वारा सिप परीक्षण गर्ने कार्य हुन्छ ।

**प्रमाणीकरण चरण:** सिप परीक्षण कार्यबाट तहगत योग्यताका लागि सफल भएमा तहगत रूपमा प्रमाणीकरण गरिन्छ । यदि व्यक्तिले तहगत रूपमा दक्षता हासिल गर्न नसकेता पनि जुन जुन इकाइमा सफलता हासिल गर्छ, सोही इकाइको मात्र प्रमाणपत्र प्रदान गरिन्छ । व्यक्तिले सफलता प्राप्त गर्न नसकेका इकाइमा पुन परीक्षण प्रक्रियामार्फत् सफलता हासिल गरेको अवस्थामा मात्र तहगत रूपमा प्रमाणीकरण गरिन्छ ।


## २.१४ राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनमा ध्यान दिनु पर्ने पक्षहरू

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकले लिएको प्राविधिक जनशक्ति तयारी तथा आपूर्तिको अवस्था सुनिश्चित गर्न सकिन्छ । प्रारूप कार्यान्वयनमा मूलत: प्राविधिक सिप परीक्षण केन्द्रको पूर्वाधार तथा गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता, सिप परीक्षण केन्द्रबाट सञ्चालित सिप परीक्षण कार्यका लागि पर्याप्त दक्षता तथा पारदर्शिता, परीक्षण कार्य तथा प्रमाणीकरण भएका सिपयुक्त जनशक्तिप्रति रोजगारदाताले गर्ने विश्वसनीयता तथा सिप परीक्षणलाई व्यवस्थित गर्न अत्यावश्यक विशिष्टीकृत निकायको व्यवस्था जस्ता पक्षहरूको भूमिका अहम् रहने गर्छ। हालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र तालिमबाट प्राप्त सिप एवम् पूर्व सिकाइको मान्यता सम्बन्धी कार्यका लागि व्यवस्था भएका संस्थागत संयन्त्र र तिनको गुणस्तरीयता, पेसागत दक्षता, प्रमाणीकरण प्रक्रियाको विश्वसनीयता र सहज रूपमा सिप परीक्षण हुने वातावरण सिर्जनालगायतका पक्षमा सुधार आवश्यक देखिन आएको छ ।

## २.१५ पाठ्यक्रम विकास प्रक्रिया

दक्षतामा आधारित पाठ्यक्रमले प्रशिक्षार्थीहरूमा ज्ञान तथा सिप सिक्न, कसरी सिक्ने भनेर बुझ्न र जान्न, अरुसँग मिलेर काम गर्ने क्षमता विकास गर्न मद्दत गर्छ । त्यसैले पाठ्यक्रमका लागि दक्षताको सूची चयन गर्दा विषय विज्ञहरू (SMEs), पाठ्यक्रम विकास सहजकर्ताहरू, प्रशिक्षार्थी र उद्योग व्यवसायी (रोजगारदाता) का बिच अन्तरक्रिया र सहयोगात्मक कार्य आवश्यक पर्छ । यी सबैको संलग्नतामा तयार पारिएको दक्षताको सूचीले प्रशिक्षार्थीलाई आफ्नो पेसामा सफल हुन आवश्यक ज्ञान, सिप तथा अभिवृत्ति पहिचान गर्न मद्दत गर्छ ।

विकास प्रक्रियालाई तलको चित्रमा प्रस्तुत गरिएको छ:





*चित्र ६: पाठ्यक्रम विकास प्रक्रिया*

Labour Market Information बाट प्राप्त सूचनाका आधारमा उद्योग व्यवसायका लागि आवश्यक पर्ने जनशक्तिको प्रकार तथा सङ्ख्या थाहा हुन्छ । यसका आधारमा Functional Analysis बाट कुनै निश्चित पेसाको मुख्य मुख्य कार्यहरू के के हुन् र ती कार्यहरू कुन तहको व्यक्तिले गर्नुपर्छ भनी पत्ता लगाइन्छ । यसपछि त्यो पेसाको विश्लेषण गरेर पेसामा गर्नुपर्ने मुख्य मुख्य कामको सूची तथा त्यसको मापदण्ड पत्ता लगाइन्छ । यसलाई दक्षताको प्रमाणिका भनिन्छ । यो प्रमाणिकाका आधारमा दक्षताका विभिन्न भागहरू मिलाएर चित्रमा देखाइएको जस्तै पाठ्यक्रमका विभिन्न भागहरू विकास गरी पाठ्यक्रम तयार पारिन्छ । पाठ्यक्रमका आधारमा तालिम कार्यक्रम सञ्चालन गरिन्छ । यसरी तालिम कार्यक्रमको सञ्चालनमा प्राप्त अनुभवका आधारमा आवश्यक क्षेत्रमा विश्लेषण गरी पेसागत दक्षता वा पाठ्यक्रममा परिमार्जन गरिन्छ ।

## २.१६ आजीवन सिकाइ र रोजगार क्षमता अभिवृद्धि (Life Long Learning and increased employability)

राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीले आजीवन सिकाइलाई जीवनका सबै सन्दर्भ तथा हरेक पक्षहरूमा र जीवनभरि हुने सिकाइ भनेर परिभाषित गरेको छ । यसमा सिकाइसम्बन्धी ज्ञान, सिप, सुझबुझ, अभिवृत्ति, मूल्यमान्यताहरू तथा सिप/क्षमताहरू समावेश हुन्छन् । त्यसैगरी व्यक्तिगत विकाससम्बन्धी ज्ञान प्राप्त गर्ने पक्ष पनि यसमा समावेश गरिएको हुन्छ । आजीवन सिकाइले व्यक्तिलाई सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपमा सक्षम बनाउनुका साथै रोजगारमुखी बनाउन मदत गर्छ । जीवनपर्यन्त सिकाइ औपचारिक, अनौपचारिक र अरीतिक तरिकाबाट हुने भएकाले विभिन्न परिवेशहरूबाट सिकाइ हुने कुरालाई यसमा ध्यान दिइएको हुन्छ । त्यसैले शैक्षिक प्रावधानका विभिन्न रूपहरू साधारण शिक्षा तथा प्राविधिक व्यावसायिक शिक्षा र तालिम दुवै क्षेत्रहरूबाट व्यक्तिले जीवनपर्यन्त सिकाइ गर्ने अवसर प्राप्त गरिरहेका हुन्छन् । यसले सिकारुको जीवनमा आमूल परिवर्तन ल्याउँछ । आजीवन सिकाइको

अवधारणा र अभ्यासले एक पटक सिकेपछि सधैँलाई सिकाइ हुने र पुन: सिकाइ गर्नु नपर्ने भन्ने सोच तथा व्यवहारको अन्त गर्छ । यसमा सिकाइ तथा सिकाइका माध्यमहरूमा लचकता प्रदान गरिन्छ । व्यक्तिले जीवनभरि सिकाइका अवसरहरू प्राप्त गर्ने र यी अवसरबाट प्राप्त सिकाइले जीवनमा सुधार हुने पक्षलाई आजीवन सिकाइले मान्यता दिएको हुन्छ। साथै सिकारुले विभिन्न पेसा तथा पेसागत क्षेत्रका संघसंस्थाहरू, कार्यस्थलहरू, विविध माध्यमबाट हासिल सिकाइ तथा पूर्वसिकाइको प्रमाणीकरण र मान्यताका आधारमा आजीवन सिकाइ हुने र यस प्रकारको सिकाइलाई परीक्षण गरी प्रमाणीकरण गर्ने पक्षलाई योग्यता प्रारूपले मान्यता दिएको हुन्छ ।




*चित्र ७: पाठ्यक्रम विकास प्रक्रिया*

## २.१७ इकाइकरण र मोड्युलारिटी (Unitization and Modularity)

राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा इकाइको अवधारणाले कुनै पनि निर्दिष्ट तहको दक्षताको समूहलाई बुझाउँछ, जुन व्यावसायिक योग्यताको सबैभन्दा सानो खण्ड वा भागका रूपमा रहन्छ । इकाइका आधारमा परीक्षण गर्ने व्यवस्थाले निर्दिष्ट तहका लागि आवश्यक पर्ने योग्यताको पूर्ण (सबै इकाइहरू) वा आंशिक (एक वा सोभन्दा बढी इकाइ) दक्षता प्रमाणीकरण गर्ने अवसर दिन्छ । तहगत योग्यताको परीक्षणमा एकै पटक सहभागी भई तोकिएका दक्षतामा प्रमाणीकरण हुनुपर्ने अवस्थाको अन्त्य गराई

परीक्षार्थीसँग भएका दक्षताहरू इकाइगत रूपमा समेत सहभागी भई प्रमाणित हुने लचकता प्राप्त हुन्छ । यो व्यवस्थाले प्रशिक्षार्थीलाई आफूले हासिल गरेको क्रेडिट सञ्चय गरी पूरा तहको तोकिएको क्रेडिड हासिल गर्ने गरी सिकाइ सारण वा स्थानान्तरण (Credit transfer) हुने अवस्था सुनिश्चित हुन्छ ।

त्यसैगरी राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा मोड्युलको अवधारणाले शिक्षा तथा तालिम कार्यक्रमहरूलाई विभिन्न खण्डहरूमा विभाजित गरी व्यवस्थित गर्ने प्रक्रियालाई बुझाउँछ । यसले शैक्षिक योग्यताको तहअन्तर्गत पर्ने निर्दिष्ट दक्षता (ज्ञान, सिप, र अभिवृत्ति) हासिल गर्न सहज बनाउँछ । तहगत पाठ्यक्रमहरूलाई मोड्युलर ढाँचामा परिणत गरिने हुँदा लामो समयसम्म एकै पटक सिक्नुपर्ने अवस्थाको अन्त्य गराई सिकारुलाई अनुकूलताअनुसार बाँकी मोड्युलमा सहभागी हुने (Multi– entry, Multi–exit) लचकता (Flexibility) प्राप्त हुन्छ ।

## २.१८ योग्यता प्रारूपको प्रबोधीकरण (Dissemination of NVQF)

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको (NVQF) सफल कार्यान्वयनका लागि सरोकारवालालाई सुसूचित गर्न आवश्यक हुन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली, शैक्षिक योग्यताका तह र पारगम्यता, दक्षता परीक्षण तथा प्रमाणीकरण, पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning) लगायतका सबै पक्ष वा विषयका बारेमा सरोकारवालाबिच प्रबोधीकरण गरी प्रारूपका बारेमा स्पष्ट जानकारी गराउनुपर्छ । त्यसै गरी प्रारूप कार्यान्वयनबाट हुने फाइदा र सरोकारवालाको भूमिका तथा योगदानका बारेमा समेत सूचित गर्न आवश्यक छ ।

## २.१९ पारदर्शिता

विभिन्न शैक्षिक योग्यताको तहगत दक्षता, विभिन्न शैक्षिक धारबिचका योग्यतामा पारगम्यता (Permeability), पूर्व सिकाइ मान्यता (RPL) विधिबाट परीक्षण तथा प्रमाणीकरण, क्रेडिट सञ्चय तथा सारण, गुणस्तर मापदण्ड लगायतका पक्षहरूमा कायम गरिने पारदर्शिताले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमप्रति सरोकारवालाको विश्वास बढ्न जान्छ । राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन गर्दा सरकार, शिक्षा तथा तालिम प्रदायक र निजी क्षेत्र (रोजगारदाता) सँग गरिने सहकार्यले पारदर्शिता सुनिश्चित हुन सहयोग पुग्न जान्छ । स्वदेशी एवम् वैदेशिक योग्यताबिच पारदर्शिता कायम राख्न र शैक्षिक योग्यताको मान्यता पाउने अवसरका सिर्जना गर्न

राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली महत्त्वपूर्ण हुन्छ । पारदर्शिताले प्रत्येक योग्यता र दक्षताहरूको बुझाइ र व्याख्यामा समान धारणा विकास गर्न मद्दत गर्छ ।

## २.२० पहुँचमा सुधार

औपचारिक, अनौपचारिक, अरितिक गरी सबै विधि र प्रक्रियाबाट हासिल हुने सिकाइ प्रमाणीकरण गर्ने कार्य प्रारूप कार्यान्वयनको चरणमा गरिन्छ । यसबाट सिपको स्तरमा सुधार गर्ने, उच्च तहको सिप विकास गर्ने र शैक्षिक योग्यतामा आधारित उच्च शिक्षासम्मको शैक्षिक अवसर वृद्धि हुन जान्छ । तसर्थ शैक्षिक योग्यतामा पहुँच बढाउन, सिकाइपथमा अगाडि बढ्ने अवसर प्रदान गर्न, सिकाइ सारणको अवसर प्रदान गर्न र सिकाइका नयाँ मार्गहरू खोल्ने जस्ता कुराहरूमा योग्यता प्रारूपले सहजीकरण गर्ने हुँदा यी सबै पक्ष प्रारूपमा समावेश गरिएका हुन्छन् (Cedefop et al., 2006 / Cedefop 2008b) । राष्ट्रिय योग्यता प्रारूपले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका क्षेत्रमा निजी क्षेत्र, उद्योग तथा श्रमबजारसँगको सहकार्यमा विभिन्न प्रकारका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको हुन्छ ।

## २.२१ गुणस्तर सुनिश्चितता (Ensurance of Quality)

राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास र सफल कार्यान्वयन गर्दा सिकाइ, सिप परीक्षण र मूल्याङ्कनका पद्धतिलाई गुणस्तरीय बनाउनुपर्छ । योग्यता प्रारूपको कार्यान्वयनमा गुणस्तरको सुनिश्चितताको पक्ष महत्त्वपूर्ण हुन्छ । यसका लागि गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड तथा सूचकहरूको विकास गरिनुपर्छ । गुणस्तर सुनिश्चितताका दुई मुख्य तत्त्वहरू दक्षता प्रमाणिका र गुणस्तर महत्त्वपूर्ण हुने भएकाले यिनीहरूको विकास तथा प्रभावकारी कार्यान्वयनको वातावरण सिर्जना गर्नुपर्छ ।

राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपमा गुणस्तरमा तादात्म्यता कायम गर्न एकआपसमा सम्बन्धित मापदण्डको तय भएका छन् । यी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनबाट गुणस्तर परीक्षण कार्य सञ्चालन तथा व्यवस्थापन गरी सिपको गुणस्तर निर्धारण गरिन्छ ।

## २.२२ सेतु पाठ्यांश (Bridge course)

राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीमा साधारण धारबाट प्राविधिक तथा व्यावसायिक धारमा र प्राविधिक तथा व्यावसायिक धारबाट साधारण धारका माथिल्ला तहमा पारगम्यताका लागि शिक्षा एवम् तालिम प्रदायकको मापदण्डअनुसार नपुग भएका दक्षतामा आधारित पाठ्यक्रमलाई सेतु पाठ्यांशका रूपमा लिइन्छ । व्यक्तिले उपल्ला तहका शैक्षिक योग्यतामा शैक्षिक निरन्तरता दिन सक्ने व्यवस्थाका लागि हाल हासिल भएको दक्षतालाई पाठ्यक्रम तथा योग्यता प्रारूपले व्यवस्था गरेको तहगत दक्षतासँग तुलना गरी नपुग दक्षता विकास गर्नुपर्ने हुन्छ । सेतु पाठ्यांशले फरक धारबाट आएका व्यक्तिलाई सम्बन्धित तहका लागि आवश्यक हुने नपुग दक्षता प्राप्त गरी सो तहमा प्रवेशको बाटो खुला गर्छ भने शिक्षा तथा तालिम प्रदायकको आफ्नो गुणस्तर मापदण्ड कायम गरी शैक्षिक निरन्तरता प्रदान गर्न सहयोग पुग्छ ।

# राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (NVQF) कार्यान्वयनका आधारशिलाहरू

## ३.१ परिचय

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको कार्यान्वयनले औपचारिक, अनौपचारिक वा अरीतिक जुनसुकै तबरले सिकेको भए पनि सबै प्राविधिक र व्यावसायिक सिपसँग सम्बन्धित दक्षता (जसमा ज्ञान, सिप र अभिवृत्ति पर्छन्) को परीक्षण तथा प्रमाणीकरण गरिन्छ । यसरी विकसित ज्ञान, सिप र अभिवृत्तिलाई शैक्षिक योग्यताका तहअनुसार व्यवस्थित र वर्गीकरण गर्न राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले मद्दत गर्छ । यसबाहेक राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपद्वारा परिभाषित योग्यता र तहअनुसारका दक्षताहरूसमेत वर्गीकृत गरिएको हुँदा यसबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) र साधारण शिक्षाका बिचमा सिकाइ सारण (Credit Transfer) गर्न सकिने अवस्था रहन्छ । राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपले शिक्षा तथा तालिम र श्रमबजारबिचको सम्बन्ध स्थापित गर्ने साँघुका रूपमा पनि कार्य गर्छ । यसबाट मुलुकको वृहत्तर आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्दछ ।

## ३.२ NVQF को सफल कार्यान्वयन चार आधारशिलाहरू

राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनका चार प्रमुख आधारशिला अभ्यासमा रहेका छन् । नेपालको सन्दर्भमा पनि यी चार आधारशिलाका आधारमा योग्यता प्रारूप कार्यान्वयनमा जाँदा बढी प्रभावकारी हुन्छ ।

चार आधारशिलालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ:





*चित्र ८: सफल* NVQF *कार्यान्वयनका चार आधारशीला*

### ३.२.१ आधारशिला १: सुशासन र व्यवस्थापन (Governance and Management)

NVQF को पहिलो आधारशिला सुशासन र व्यवस्थापन हो। यसमा सरकार, सम्बन्धित सरोकारवाला, संघ संस्था, तथा कानुनी र नियामक निकाय र तिनले सम्पादन गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी भूमिका समेटिएको हुन्छ। एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी ऐनको व्यवस्था, तिनओटै तहका सरकारबाट जारी हुने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी नीति, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी कोषको प्रबन्ध र परिचालन, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायकबाट प्रदान गरिने सेवाप्रवाह र गुणस्तरीयता, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन तथा व्यवस्थापनमा कायम हुने पारदर्शिता, सरोकारवालाको सहभागिता, आर्थिक मितव्ययितालगायतको जबाफदेही संयन्त्रको विकास र प्रयोग आदिबाट सुशासन र व्यवस्थापन कायम गरी प्रारूप कार्यान्वयन गर्नुपर्छ। त्यसैगरी निजी क्षेत्र तथा उद्योग र रोजगारदाताबिचको सुमधुर सम्बन्ध, सहकार्य तथा सहलगानीमा प्रारूप कार्यान्वयनको अवस्था सुनिश्चित गर्नुपर्छ।

तसर्थ यो आधारशिला नीतिगत, संरचनागत तथा जनशक्तिको व्यवस्थापन, परिचालन तथा पहुँचयोग्य वातावरण निर्माणमा महत्त्वपूर्ण पक्षका रूपमा रहन्छ।

नेपालको सन्दर्भमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनका लागि सुशासन तथा व्यवस्थापनको सुनिश्चितताका लागि आवश्यक संस्थागत, प्रक्रियागत तथा समन्वय र सहकार्यका लागि आवश्यक पर्ने पक्षहरूलाई समग्रमा तल प्रस्तुत गरिएको छ। योग्यता प्रारूप कार्यान्वयनका लागि विकास हुने नीतिगत तथा संरचनागत व्यवस्थाका क्रममा यी पक्षहरू सन्दर्भका रूपमा रहन सक्ने छन्।




एस· एस· सि (SSC) = विधागत सिप परिषद्

एन· सि· एस· (NCS) = राष्ट्रिय दक्षता प्रमाणिका

AP = परीक्षण साधन (Assessment Package)

आर· पि· एल· (RPL) = पूर्व-सिकाइको मान्यता


NVQS = राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली

QA = योग्यता परीक्षण तथा मूल्याङ्कन

*चित्र १: NVQF सुशासन तथा व्यवस्थापन*

## ३.२.२ आधारशिला २ः दक्षता प्रमाणिका तथा योग्यता परीक्षण साधन

दोस्रो आधारशिला दक्षतासँग सम्बन्धित छ । सम्बन्धित विधागत सिप समितिको नेतृत्वमा स्वीकृत प्रारूप अनुसार राष्ट्रिय दक्षता प्रमाणिकाहरू (NCS) र योग्यता परीक्षण साधनहरूको विकास गरिएको हुन्छ । तसर्थ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिमका विभिन्न शैक्षिक योग्यताहरूको तहगत दक्षताका आधारमा पाठ्यक्रम तथा सिकाइ साधन विकास गर्नु यसको अर्को महत्त्वपूर्ण पाटोका रूपमा रहन्छ । व्यक्तिलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरूमा लचिलोपन कायम गरी रुचिअनुसारका कार्यक्रम छनौटको अवसर प्रदान गर्ने गरी शैक्षिक कार्यक्रमहरू विकास गरिन्छन् । साथै क्रेडिटहरू प्राप्त गर्नका लागि व्यक्तिले हासिल गर्नुपर्ने मापदण्डहरू तय हुन्छन् ।




*चित्र १०: सिप प्रमाणिका विकास, तालिम र प्रमाणीकरण प्रक्रिया*

श्रमबजारको माग र आपूर्तिबिचको सन्तुलन कायम गर्न रोजगारदाताहरूको नेतृत्वमा विधागत सिप समिति/ परिषद् गठन गरिन्छ । यी समितिहरूका नेतृत्व र श्रमबजारको सहकार्यमा सम्बन्धित व्यावसायिक क्षेत्र तथा उपक्षेत्रको पेसागत नक्साङ्कन गरिन्छ । सो नक्साङ्कनका आधारमा व्यावसायिक योग्यताहरू निर्माण गरिन्छ । प्रत्येक व्यावसायिक योग्यताका आधारमा प्राविधिक समिति गठन गरी तहगत राष्ट्रिय दक्षता प्रमाणिका तयार गरिन्छ । यसरी बनेका प्रमाणिकाका आधारमा पाठ्यक्रम एवम् तालिम साधन निर्माण गरी कार्यान्वयन गरिन्छ । तालिम प्राप्त व्यक्तिहरूको दक्षताको परीक्षण

राष्ट्रिय प्रमाणिकाका आधारमा गरिने हुँदा श्रमबजारले खोजेको जनशक्ति तयारी र आपूर्ति हुन्छ ।


त्यसैगरी अनौपचारिक पथतर्फ विभिन्न तरिकाबाट हासिल दक्षता प्रमाणीकरण गर्न इच्छुक व्यक्तिले पूर्व सिकाइ मान्यताको प्रक्रियामा सहभागी भई दक्षता परीक्षण गर्न सक्नेछन् । यसरी प्रमाणीकरण भएका व्यक्तिहरू व्यावसायिक शिक्षाको राष्ट्रिय प्रारूपले तय गरेका शैक्षिक/ व्यावसायिक योग्यताका उपल्लो तहको योग्यता तथा सिप वृद्धिका कार्यक्रमहरूमा निरन्तरता प्राप्त गर्न सक्ने छन् ।

### ३.२.३ आधारशिला ३ः परीक्षण तथा प्रमाणीकरण

तेस्रो आधारशिला भनेको NVQ अनुसार दक्षतामा आधारित परीक्षण तथा योग्यताको प्रमाणीकरण हो । यसमा दक्षतामा आधारित परीक्षण मापदण्डका आधारमा परीक्षण तथा प्रमाणीकरण गरिन्छ । प्रमाणीकरण गर्दा वैधता, विश्वसनीयता, निष्पक्षता, समसामयिक, आधिकारिक र सुसङ्गत (Consistent) जस्ता पक्षहरूलाई ध्यान दिइन्छ। त्यसैगरी व्यक्तिको सिकाइको अवस्थाअनुसार हासिल गरेको क्रेडिट सञ्चय गरी सारण हुने व्यवस्था पनि प्रारूपमा रहेकाले परीक्षण तथा मूल्याङ्कनमा यसलाई पनि पर्याप्त ध्यान दिइन्छ ।

### ३.२.४ आधारशिला ४ः गुणस्तर सुनिश्चितता र अनुगमन

चौथो आधारशिला भरपर्दो र सुदृढ गुणस्तर सुनिश्चितता (QA) प्रणाली र कुशल तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन (M&E) संयन्त्र स्थापनासँग सम्बन्धित छ । NVQF को मुख्य भूमिका योग्यताहरूद्वारा पूरा हुने तहहरू तथा तहगत दक्षता, सिकाइ उपलब्धि तथा तहगत व्याख्या गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको थप सुदृढीकरण तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु हो । योग्यता परीक्षण र प्रमाणीकरण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर सुनिश्चित निर्देशिका विकास तथा प्रयोग गरिन्छ । सोही निर्देशिकाका आधारमा दक्ष तथा अनुमति प्राप्त परीक्षकहरूबाट प्रमाणीकृत परीक्षण केन्द्रहरूमा मात्र परीक्षण




*चित्र ११: आधारशिला ४. गुणस्तर सुनिश्चितता र अनुगमन*

कार्य गरिन्छ । परीक्षण कार्यको निष्पक्षता तथा गुणस्तरीयताका लागि केन्द्रमा सी· सी· क्यामराको व्यवस्था, विधागत सिप समिति तथा अन्य सम्बद्ध निकायबाट आकस्मिक अनुगमन, समग्र परीक्षण प्रक्रिया तथा कार्यसम्पादन प्रतिको गुनासो सुनुवाइको व्यवस्था, प्रक्रिया अनुसरण नगर्ने परीक्षक तथा परीक्षण केन्द्रलाई आवश्यक कारबाही, परीक्षकका लागि नियमित तालिम तथा पुनर्ताजगी तालिम आदिको व्यवस्था गरिन्छ ।

# References

*ASEAN (2016).* ASEAN Qualifications Reference Framework. *https://asean.org/our-communities/economic-community/services/aqrf/*

Australian Children's Education and Care Quality Authority (2015). *National Consistency Strategy and Implementation Plan 2015-16*. Australian Children’s Education & Care Quality Authority. https://www.acecqa.gov.au

*Author. (2019). Global inventory of regional and national qualifications frameworks 2019 (vol II): National and regional cases. UNESCO, European Training Foundation and European Centre for the Development of Vocational Training. www.ilo.org/india*

*Blom, R. (2005). Integration, portability and articulation: Policy symbolism or policy practice? Link to thedocument https://www.researchgate.net/publication/308785110_INTEGRATION_PORTABILITY_AND_ARTICULATION_POLICY_SYMBOLISM_OR_POLICY_PRACTICE*

*Bordado, G (n.d.). Regional qualification framework (RQF): A way forward for greater mobility of SAARC workers [Power Point Presentation].ILO/India. https://www.ilo.org/global/docs/WCMS_566509/lang--en/index.htm*

*Cedefop (2008) Terminology of European education and training policy: A selection of 100 key terms. Office for the Official Publications of the European Community: Cedefop.*

*http://www.cedefop.europa.eu/EN/Files/4064_en.pdf*

*Dahal, D. (2020) The core elements of NVQS. A Presentation made in 12/09/2020 in a Seminar on NVQS, Kathmandu, Nepal. https://seepnepal.com/media/1286/virtual-event-linkage-with-nvqf-nvqs-slides.pdf*

*ETF (2011) Roundtable event: How to Regulate National Qualifications, Qualifications Framework and Qualification Authority in the National Framework Law on Education, Kiev*

*ETF (2012) Qualifications Frameworks: From Concepts to Implementation*

*ETF Working Document 2010 (p. 7) Implementation arrangements for national frameworks of qualifications and the role of stakeholders and institutions*

*EU. (2013).* Referencing national qualifications level to European Qualification Framework.

*https://www.nki-latvija.lv/content/files/EQF_Note_5_2013.pdf*

*EU. (2018). European qualifications framework. https://www.britishcouncil.mk/sites/default/files/principles_of_an_nqf.pdf*

*EU. (2018). The European Qualifications Framework: Supporting learning, work and cross-border mobility. https://europa.eu/europass/system/files/2020-05/EQF%20Brochure-EN.pdf*

*European Training Foundation (2021). Comparing regional qualifications framework initiatives around the globe. https://www.etf.europa.eu/en/news-and-events/news/comparing-regional-qualifications-framework-initiatives-around-globe*

*http://www.aeht.eu/en/presentation-of-the-aeht/eqf-levels-offered-by-aeht-member-schools*

*https://europa.eu/europass/en/description-eight-eqf-levels*

*Luomi-Messerer, K. (2011). European Qualifications Framework..referencing process and report. Publication of the project EQF.*

*http://www.label-pro-rh.eu/attachments/434_EQF_Ref_final.pdf*

*Ministry of Education, Australia (1995) Australian Qualifications Framework. Australian Government.*

*http://hdl.voced.edu.au/10707/85353*

*Muravyeva, A. & Oleynikova, Olga, & Aksenova, N. & Dorozhkin, E. (2019). National qualifications system in Russia – An epistemological perspective. The Education and Science Journal, 21, 92-114. https://doi.org/10.17853/1994-5639-2019-4-92-114*

*Rumsey, D. J. (date). Philosophy, rationale and systems of technical and vocational education and training. New South Wales Department of Technical and Further Education Sydney. http://hdl.voced.edu.au/10707/110106.*

*SAARC Secretariat. (2013) Name of the document. Publisher. NOTE BY THE SAARC SECRETARIAT ON CURRENT STATUS (2013) OF ECONOMIC AND FINANCIAL COOPERATION UNDER THE FRAMEWORK OF SAARC. SAARC Secretariat, Kathmandu, Nepal*

*SAQA (n.d.). The National Qualifications Framework and Quality Assurance. South African Qualifications Authority Publications). Galvao, M. 2009. EQARF indicators, reviewing and agreeing*

*definitions. Dublin: European Network for Quality Assurance c/o FETAC.*

*Shrestha, P. (2019). National Qualifications Framework (NQF) and National Vocational Qualifications Framework: An International Perspective. ILO Report on Nepal NVQF, June 2019*

*Task Force AQRF (2020). ASEAN Qualifications Reference Framework, Referencing Guidelines. TF-AQRF*

*Tuck, R. 2007. An Introductory Guide to National Qualifications Frameworks. Conceptual and Practical Issues for Policy Makers. ILO*

*UNESCO (2011) International Standard Classification of Education (ISCED)*

*UNESCO (2013) Global National Qualifications Framework Inventory. Prepared for ASEM Education Ministers Conference, Kuala Lumpur, 13-14 May 2013 (ASEMME 4). Global picture NQF.pdf*

*United Nations Educational Scientific and Cultural Organization (UNESCO). 2012a. UNESCO guidelines for the recognition, validation and accreditation of the outcomes of non-formal and informal learning (Hamburg, UNESCO Institute for Lifelong Learning)*

*Winterton, J., Le Deist, F. D. & Stringfellow, E. (2006) . Typology of knowledge, skills and competences: clarification of the concept and prototype. Office for Official Publications of the European Community:Cedefop. http://www.cedefop.europa.eu/en/Files/3048_EN.PDF*